# अध्याय- एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा प्राप्त गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुको साथै मुलुकको निमित अपरिहार्य, उत्पादनशील, अनुशासित, देशभक्ति, चरित्रवान र दक्ष नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षा सामाजिक परिवर्तनको साथै समाजमा मान्यताको संरक्षण सुधारको बाहक पनि हो । शिक्षा नै यस्तो सशक्त माध्यम हो जसबाट सभ्य समाजप्रति उत्तरदायी व्यक्तिहरू तयार गर्नुका साथै त्यस समाजको विकास तथा सुधारमा ठुलो टेवा मिल्छ । समाजको गति सँगसँगै घुलमिल हुन शिक्षाको आवश्यकता पर्दछ । वास्तवमा शिक्षित जनशक्ति नै राष्ट्रको आमुल सम्पदा र प्रगतिका संवाहक हुन् । देशको बहुआयामिक विकास तथा प्रगति मुलुकले अख्तियार गरेका शिक्षा नीतिमा निर्भर गर्दछ (केन्द्रीय तथ्याङ्क विभाग, २०५४) । त्यसैले सबै देशले शिक्षालाई निर्माणको औजारको रूपमा लिएको पाइन्छ ।

वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ छ । कुल जनसंख्याको ६५.९ प्रतिशत शिक्षित छन् । आधा आकास ढाकेका महिला शिक्षाको सुनौलो अवसरबाट बञ्चित छन् । नेपालको कुल जनसंख्यामा ६५.९ प्रतिशत जनता साक्षर छन् भने त्यसमा पुरुष साक्षरता ७५.१ प्रतिशत छ र महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको देखिन्छ (केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८) ।

कुल जनसंख्याको आधा हिस्सा ओगटेका महिलाहरू प्रायजसो आफ्नो हक र अधिकारबाट बञ्चित छन् । घरधन्दा यस्तो एउटा संस्थाको रूपमा परिचित छ जहाँ महिलाहरू असक्त, असक्षम, कमजोर आदि उपनाम दिइन्छ । जसले महिलालाई पुरुषको अनुपातमा पछाडि पार्ने काम गर्दछ र महिलालाई जहिले पनि दोस्रो दर्जाको रूपमा व्यवहार गरिन्छ (महत्तो, सन् २००९) ।

नेपालमा १२३ जातजातिको बसोबास रहँदै आएको छ (के.त.बि., वि.सं. २०६८) । उनीहरूका संस्कार संस्कृति रहन सहन, रीतिरिवाज फरक फरक छन् । नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म बसोबास गरी आएका थारु जाति पृथक परम्परा धर्म, संस्कृति

भएको जाति हो । थारुहरू भारतबाट नेपाल प्रवेश गरेको दहित (वि.सं. २०६२) विद्वानको भनाइ छ। गुरुङ (वि.सं. २०६२) ले यस जातिको नेपालमै उत्पत्ति भएको भनेका छन् ।

थारुहरू सरल र सोझा जातिका रूपमा परिचित छन् । उनीहरूको मुख्य पेशा परम्परागत कृषि हो । तर आजको शिक्षाले ल्याएको बदलिदो परिवेशमा उनीहरू अन्य पेशा व्यवसायमा लागेका देखिन्छन् । जस्तैः सेना, प्रहरी, सरकारी कर्मचारी, शिक्षक, कारखानामा काम गर्ने मजदुर, पत्रपत्रिका र आमसञ्चार क्षेत्रमा उनीहरूको सहभागिता क्रमिक बढेको देखिन्छ । देशमा समय समयमा आउने परिवर्तन शिक्षाको व्यापक प्रचारप्रसार तथा उनीमा आएको नवीन सोचको कारण सहभागिता बढेको छ । शिक्षाप्रति उनीहरू सकारात्मक बन्दै गएका छन् । समयक्रमले हिजोको मानिएको यो जाति आज क्रमशः अगाडि बढिरहेको छ (आचार्य, वि.सं. २०६९) ।

नेपाली समाज बहुभाषिक तथा बहुसांस्कृतिक समाज हो । नेपालमा परापूर्वकालदेखि नै विभिन्न आदिवासी जनजातिहरूको बसोबास हुँदै आएको देश हो । हिमाली भेगमा मुख्य रूपमा शेर्पा, गुरुङ, थकाली, भोटे आदि तराई क्षेत्रमा, थारु, मेचे, सुनुवार, मुसहर आदि बसोबास गर्दछन् । नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरूमध्ये थारु पनि एक जाति हो (घिमिरे, वि.सं. २०६८) ।

समाजशास्त्र अन्तर्गत लैङ्गिक दृष्टिकोणका अनुसार महिला र पुरुष समान रूपले धर्तीमा जन्म लिएका हुन्छन् । यस दृष्टिकोणले सन् १९५०-१९६० को दशकमा निकै चर्चा पाएको थियो । यसले समाजमा महिला तथा पुरुषलाई समान रूपमा व्यवहार गरिनु पर्छ भन्ने मान्यतालाई जोड दिन्छ तर समाजले (महिला पुरुष) लाई दिइने भूमिका भने फरक-फरक रहेको पाइन्छ । यसै गरी वर्तमान समयमा देखिएको लैङ्गिक असमानताले महिलाले कुनै हिचकिचाहतका साथ पुरुष सरह सबै ठाउँमा समान रूपमा सहभागी हुनु पर्दछ । यसरी महिला उदारवादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (लुईटेल, सन् २००८) ।

वि.सं. २०६८ सालको जनगणनामा नेपालको कुल जनसंख्या २,६४,९४,५०४ छ । यसमा महिलाको संख्या १,३६,४५,४६३ र पुरुषको संख्या १,२८,४९,०४१ छ (के.त.बि., सन् २०११) । यसै गणनाले नोलमा जातजाति १२५ र भाषाहरूको संख्या १२३ रहेको पाइन्छ (के.त.बि., सन् २०११) । यही गणना अनुसार नेपालमा थारु जातिहरूको संख्या ५.८

प्रतिशत छ । वि.सं. २०६८ सालको जनगणना अनुसार थारुको जनसंख्या १७,३७,४७० रहेको छ ।

नेपालको कुल जनसंख्याको २८.५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन् (के.त.बि., वि.सं. २०६८) । परिवारका कमजोर आर्थिक स्थितिका कारण ठुला केटाकेटीले घर र साना बच्चा बच्चीको रेखदेख गर्नु पर्दछ । फेरी साँझ बिहान छाक टार्न मुश्किल पर्ने ति थारु समुदायका परिवारलाई स्कुलको खर्च बेहोर्न पनि गाह्रो पर्दछ फलतः ती परिवारका केटाकेटी शिक्षाबाट बञ्चित हुन्छन् । यसरी गरिब रअशिक्षाका कारण बालबालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित हुन्छन् । यसमा पनि थारु समुदायका माहिलाहरू शिक्षाबाट धेरै बञ्चित भएको पाइन्छ (लामिछाने, वि.सं. २०६०) ।

थारु समाजमा किन शिक्षालाई महत्व दिइएन वा उनीहरूमा विद्यालय गएर शिक्षित हुनुपर्दछ भन्ने कुराको ज्ञान किन भएन ? अरु समुदायका मानिसहरू कृषिमा आश्रित भए पनि शिक्षा क्षेत्रमा केही न केही सहभागिता रहेको छ । तर थारुहरू पछि पर्नुको कारण के थियो ? जबकी नेपालमा राणा शासनको समाप्तिसँगै शिक्षामा सर्वसाधारणको पहुँचको विषय हुँदा पनि थारुहरू शिक्षा निःशुल्क गरिदा पनि उनहिरू शिक्षाबाट बञ्चित हुनु पर्ने के थियो ? भन्ने सवालको जवाफ यस अध्ययनमा खोज्ने प्रयास गरिएको छ । दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. का थारु महिलाको शिक्षामा गरिने यस अध्ययनले गरिबी लगायत अन्य के, कस्ता कारणले थारु महिलाहरूको शिक्षामा उनीहरूको पहुँचलाई के कसरी प्रभाव पारेको छ भनेर विश्लेषण गर्नेछ र पहिलो र पछिल्लो पुस्ता बिचमा शिक्षालाई हेर्ने दृष्टिकोण कस्तो छ भनेर पनि विश्लेषण गरिएको छ ।

## १.२ समस्याको कथन

तराईका पाँच जिल्ला दाङ, बाके, बर्दिया, कैलाली र कन्चनपुरमा थारुहरूको बाहुल्यता रहेको पाइन्छ । तराईमा रहेका थारुको बारेमा अध्ययन अनुसन्धान धेरै भएका छन् (उदाहरणका लागि रजौरे, सन् १९८१, फुजीकुरा, सन् २००४, लामिछाने, सन् २००५ आदि) थारु संस्कृति र तिनीहरू बीचको शैक्षिक अवस्थाको बारेमा केहि मात्रामा अध्ययन अनुसन्धान भएका छन् । थारुमा महिला घरको कामका साथै जमिन्दारको घरको काम गर्नुपर्ने भएको र बिहे पछाडि अर्काको घरमा जाने हुँदा छोरीको शिक्षामा खर्च गर्दैनन् (रजौरे, सन् १९८१) । काम गरेर तुरुन्तै आम्दानी हुने र शिक्षाबाट तुरुन्त लाभ प्राप्त गर्न

नसकिने हुँदा र छोरीले घरको काम सम्हाल्नु पर्नेहुँदा थारु महिलाहरू स्कुल जानबाट बञ्चित छन् (खनाल, सन् १९९९) ।

सन् १९५० मा जेनेभामा भएको शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा, अविकसित देशमा प्राथमिक शिक्षालाई विश्वव्यापी, स्वतन्त्र र अनिवार्य गर्ने प्रस्ताव सन् १९६५ मा पाकिस्तानको कराँचीमा भएको एशियाली राष्ट्रको शिक्षा सम्बन्धी सम्मेलनमा निःशुल्क शिक्षा (FPE) को घोषणा सन् १९९० मा थाइलैण्डको जोमतीनया भएको शिक्षा शिखर सम्मेलनमा सबैका लागि शिक्षा (EFA) को घोषणा र सन् २००० मा सिनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चको सम्मेलनमा सबैको लागि शिक्षा (EFA) को प्रतिवद्धतालाई दोहोऱ्याउँदै सन् २०१५ सम्ममा सबैलाई शिक्षा दिने 'डकार कार्य ढाँचा'को सोच अगाडि सारियो । यसमा ६ वटा लक्ष्य र १२ वटा नीतिहरू तय गरियो । नेपालले एक लक्ष्य थप गरी सातौं लक्ष्यमा जनजाति, आदिवासी र पृथक भाषाका अल्पसंखयक जनताले आफ्ना-आफ्ना मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने राखेको छ (काफ्ले र विष्ट, सन् २०१०) ।

थारुहरू आफ्नै भाषा, संस्कृति र संस्कार भएका जाति हुन् । उनीहरूका आफ्नै मौलिक परम्परा छन् । रीतिरिवाज तथा संस्कारहरू छन् । साहित्य परम्परा पनि छ तर नेपालमा उनीहरूका भाषामा अन्य भाषाहरूको प्रभाव प्रशस्त पाइन्छ । कतिपय थारुहरू नेपालको राष्ट्रभाषा नेपाली राम्रोसँग लेखपढ गर्न नसक्ने पनि छन् । यसले गर्दा उनीहरूलाई कतिपय व्यवहारिक काममा समस्या समेत हुने गरेको छ । थारुहरू अलि लजालु प्रकृतिका हुन्छन् । उनीहरूमा रहेको परम्परागत सोच् चिन्तन, विचारधारा लगायतका कुरालाई आधुनिकतातिर ढल्काउनु पर्ने आवश्यकता छ । वर्तमान नेपाल सरकारले यस जातिलाई अन्य जातिहरू सरह नै समानुपातिक प्राथमिकताको क्रममा राखी नीति नियमहरू तयार शैक्षिक विकासका लागि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ । यातायातको विकास तथा विभिन्न संस्कृतिका प्रभाव आदिले गर्दा यो जातिको रहन सहन, उठबस, खानपान तथा संस्कृतिमा कतिपय परिवर्तनका धारहरू देखिएका छन् । त्यसले नकारात्मकताको बाटो नलेओस् भन्ने सघन चिन्ता छ । थारुहरूको उन्नतिमा देखिएका समग्र समस्याको पहिचान गर्दै शिक्षाले जीवनमा ल्याएको परिवर्तनको निक्यौल गर्न बाँकी छ ।

शिक्षाले चेतना दिन्छ र चेतनाले अन्याय विरुद्ध लड्न सिकाउँछ । मानवीय जीवनको मर्यादा र विकासको लागि शिक्षा अपरिहार्य तत्व हो । नेपाल जस्तो विकासोन्मुख देशनमा महिला वर्ग अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहनाले एकातिर पारिवारिक सुख सुविधा र सन्तुष्टिको स्थितिबाट बञ्चित छन् भने अर्कोतिर यसले देश विकासमा ठुलो अवरोध ल्याएको छ । त्यसैले महिलाको शिक्षा आर्जनमा बाधा पुऱ्याउने तत्वको पहिचान गर्नु आवश्यक छ । यस अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था कस्तो छ, र पुरुष सरह शिक्षा पाउन बाधा पार्ने तत्वको पहिचान गर्नु आवश्यक छ ।

वर्तमान महिलाहरुको लागि दिइने शिक्षाले उनीहरुको जीवनमा कति परिवर्तन ल्याउन सक्यो त्यसतर्फ ध्यानाकर्षण हुनु आवश्यक छ । तिनै विविध प्रश्नहरुको उत्तर खोज्ने प्रयासका साथ यस दाङ श्रीगाउँका महिलाको शैक्षिक अवस्थाको अध्ययन गर्न लागिएको हो (महतो, सन् २००९) । माथि उल्लेख थारु महिलाको शैक्षिक अवस्थाको चर्चा गरे पश्चात निम्न प्रश्न यस अध्ययनका लागि उपयोगी छन् ।

(क) अध्ययन क्षेत्रमा बसोबास गर्ने थारु महिलाका शिक्षाको अवस्था कस्तो छ ?

(ख) महिलाहरूले पुरुष सरह समान शिक्षा पाएका छन् की छैनन् ?

(ग) यहाँका महिलाहरूलाई शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. भित्र बसोबास गर्ने थारु महिलाको शिक्षाको अवस्था थाहा पाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । बुँदागत रूपमा अध्ययन उद्देश्यहरू तल उल्लेख गरिएको छ :

(क) अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था विश्लेषण गर्ने,

(ख) महिला र पुरुषको शैक्षिक अवस्थामा भिन्नता पत्ता लगाउने,

(ग) त्यस क्षेत्रको थारु महिलाको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरू पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्त्व

यस अध्ययनमा थारु समुदायमा महिला शिक्षा प्रतिको धारणा बुझ्नको लागि शैक्षिक अवस्था र यसले ल्याएको परिवर्तन थाहा पाउन साथै थारुहरूले अघिल्लो पुस्ताका व्यक्ति र पछिल्लो पुस्ताका व्यक्तिले शिक्षालाई हेर्ने दृष्टिकोण कस्तो छ थाहा पाउन सकिन्छ ।

यस अध्ययनको महत्वपूर्ण पक्ष भनेकै थारु समुदायमा शिक्षालाई कसरी हेरिएको छ र यसले समाजमा कति कुरामा परिवर्तन ल्याएको छ । थारु महिलाको साक्षरता दर के कारणले बढि रहेको छ र महिला शिक्षामा संलग्नता वृद्धि भए पनि बीचमा नै पढाइ छोड्न महिलाहरू किन र कस्ता कारणले बाध्य छन् भन्ने थाहा पाउन सकिन्छ । यस समुदायको शिक्षा सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम गर्न सम्बन्धित निकायलाई मद्दत गर्दछ ।

# अध्याय- दुई
# पूर्व साहित्यको समीक्षा

## २.१ पूर्व साहित्यको समीक्षा

नेपालमा विभिन्न जाति तथा जनजातिहरू उच्च हिमाली, पछाडी तथा तराइका विभिन्न भूभागमा बसोबास गरिरहेका छन् । हरेक जाति तथा जनजातिको आ-आफ्नै मौलिक भाषा, धर्म तथा संस्कृति भएको हुँदा नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय देशको रूपमा रहेको छ (गुरुङ्ग, वि.सं. २०६२) ।

शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाइ उज्यालो बनाउँछ । एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउँछ । त्यसकारण महिलाको लागि शिक्षा नितान्त आवश्यक हुन्छ (आचार्य, सन् १९९७) ।

थारु जाति नेपालको पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म तराई जिल्लामा फैलिएर रहेका छन् । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा थारु जातिको जनसंख्या १७३७४७० रहेको छ जसमा महिला संख्या ८८४५०१ रहेको छ भने पुरुष संख्या ८५२९६९ छ । जुन कुरा जनसंख्याको ६.७४ प्रतिशत हुन आउँछ । थारु जातिको उत्पत्तिका सम्बन्धमा विभिन्न भनाई पाइन्छ । कसैले संस्कृतिको "स्याष्णु शब्दबाट "थारु" भएको हो भनेका छन् भने कसैले वौद्ध धर्मको एक शाखा स्थवीरवादको "स्थवीर" शब्दबाट थारु शब्दको उत्पत्ति भएको भनेका छन् । कोहीका अनुसार राजस्थानको "थार" मरुभूमिको नामबाट "थारु" हुन गएको तर्क दिइन्छन् भने केहिले भारतमा भएको मुसलगामी आक्रमणबाट भागेर आएका राजपुतना आइमाइका सन्तान हुन भनेका छन् (दहित, वि.सं. २०६२) । यी भनाइ मध्ये यो नै थारु जातिको उत्पत्तिका सम्बन्धमा उपयुक्त भनाई हो भन्न सकिदैन । थारु जातिको परम्परागत सामाजिक सांस्कृतिक संरचना हेर्दा अन्य जाति भन्दा पृथक देखिन्छ ।

सन् १९५० पछिका दशकहरूमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्ले समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजको जातीय व्यवस्थाको ऐतिहासिक प्रक्रिया जातजातीय विवरणात्मक अध्ययन जातीय द्वन्द्व आदि जस्ता विविध पक्षहरूमा अध्ययन

अनुसन्धान गरेको पाइन्छ । उक्त समयमा यसरी अध्ययन तथा अनुसन्धान गर्न विदेशी विद्वानहरू हिचक (सन् १९६०), एल क्यापलान (सन् १९६०), होमेन डोर्के (सन् १९६७), दिक्यापलान (सन् १९७२), सडेन (सन् १९८०) आदि प्रमुख मानिन्छन् भने नेपाली विद्वानमा गोपाल सिंह नेपाली (सन् १९६५), प्रा डोर बहादुर विष्ट (सन् १९६७), डा. नविन कुमार राई, डा. गणेशमान गुरुङ (सन् १९८२), डा. डिल्लीरमण रेग्मी (सन् १९८५), डा. प्रेम कुमार खत्री (वि.सं. २०६३) आदि प्रमुख मानिन्छ ।

नेपालमा सार्वजनिक रूपमा महिला शिक्षाको थालनी गराउने श्रेय चन्द्रशमशेरलाई छ । प्राप्त अभिलेख अनुसार वि.सं. १९८० सालमा तत्कालीन प्रधान मन्त्री चन्द्रशमशेरले गराएका थिए । त्यस पाठशालामा संस्कृत परिचय, अङ्क गणित, देवदेवी स्लोक रामायण, गीता र नारीको सतीधर्म जस्ता विषयहरू पढाइन्थ्यो (पौडेल र अन्य, वि.सं. २०६६) । नारीले सार्वजनिक रूपमा शिक्षा प्राप्त गर्न थालेको ९० वर्ष भएको छ र नेपाली नारीहरू आज समाजका धेरै क्षेत्रमा अगाडि बढी सकेका छन् उनीहरू आफ्नो हक अधिकार प्राप्तिका निम्ति सचेत हुँदै गएका छन् ।

नेपालको पूर्वको झापा देखि पश्चिमको कञ्चनपुरसम्मको तराई र भित्री मधेसका विभिन्न २४ जिल्लाहरूमा थारुहरूको बसोबास छ । त्यसो त खोजी गर्ने हो भने काठमाडौं उपत्यका र पहाडका कतिपय जिल्लाहरूमा समेत उनीहरूको उपस्थिति भेटाउन सकिन्छ । तराईको पत्थर जमिनलाई फाडेर उब्जाउ बनाउने यो जाति प्रायः सोझा जातिको रूपमा चिनिन्छन् (रिजाल, वि.सं. २०५५ : ५०) ।

थारु पुरुषहरू पनि शिक्षामा खासै अगाडि बढ्न सकिरहेका छैनन् । यस्तो अवस्थामा महिलाहरू अगाडि हुने कुरै भएन तापनि पहाडबाट झरेका र भारत लगायतका विभिन्न ठाउँहरूबाट आएका मानिसहरूसँगको सामीप्यता अनि सरसङ्गतका कारणले यस जातिका महिलाहरूमा आज भोलि शिक्षा प्रतिको आकर्षण निकै छ । पढ्नु पर्छ र महिलाले पढेर घर बाहिरको काम पनि गर्न सक्छन् भन्ने चेतना उनीहरूमा दिन प्रतिदिन बढिरहेको छ । यसर्थ तराई क्षेत्रका विभिन्न विद्यालय तथा कलेजहरूमा उनीहरूको सहभागिता दिन प्रतिदिन बढिरहेको देख्न सकिन्छ ।

शिक्षा प्राप्त गरेको मानिसको जीवनशैली शिक्षा प्राप्त नगरेको मानिसको भन्दा पृथक हुन्छ । त्यसको असर हिमाल पहाड, उपत्यका वा तराई सबैतिर उस्तै हुन्छ । तराईको थारु महिलाको सवालमा पनि यी कुरा लागु हुन्छ । पढे लेखेका थारु महिलाहरू बाहिरको कामकाजमा निस्कने, अपरिचित मानिसहरूसँग पनि बोल्न नहिचकिचाउने आफ्ना समस्याहरू समाधान गर्न अग्रसर हुने, मिलेर काम गर्ने प्रवृत्ति टड्कारो रूपमा देख्न सकिन्छ । शिक्षिका, मासिका नर्स लगायतका पेशातिर पनि तिनीहरू बढी आकर्षित देखिन्छ । जुनकुरा अशिक्षित महिलाहरूमा पाउन सकिन्छ । देश हाम्रो हो र यही पनि अवसर पायौ भने केही गर्न सक्छौ भन्ने अठोट उनीहरूसँगको कुराकानी, छलफल वा भेटघाटबाट सहजै फेला पार्न सकिन्छ ।

## २.२ नेपालमा वर्तमान महिला शिक्षा नीति र कार्यक्रमहरू

नेपालमा हरेक योजनाले शिक्षालाई विशिष्ट स्थान दिई आइरहेका छन् तैपनि शिक्षामा अपेक्षित सुधार भने आउन सकेको छैन त्यसमा पनि महिलाको शैक्षिक अवस्था पुरुषको समकक्षमा पुऱ्याउन अझै थुप्रै कसरत गर्नुपर्ने देखिन्छ । मुलुकमा लागु भएको पाँचौ पञ्चवर्षीय योजना (सन् १९७५) देखि सरकार प्राथमिक तथा माध्यमिक स्तरमा महिलाहरूको सहभागिता वृद्धि गर्न प्रयासमा लागे पनि अपेक्षित सुधार भने हात पार्न सकेको छैन । शिक्षालाई सर्वसुलभ गराउने अभिप्रायले नै श्री ५ को सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने, प्राथमिक तहसम्म निःशुल्क पुस्तक वितरण गर्ने तथा महिला शिक्षिकालाई तालिम दिने जस्ता कार्यक्रम गरी रहेको छ । श्री ५ को सरकारले आधारभूत र प्राथमिक शिक्षा परियोजनाको सञ्चालन पनि गरेको छ । जसले शिक्षक तालिम, शैक्षिक स्रोत वृद्धि विशेष शिक्षा कार्यक्रम तथा अनौपचारिक शिक्षा जस्ता कुरामा जोड दिइएको मात्र नभई अनौपचारिक शिक्षामा बालिका एवम् प्रौढलाई समेत लक्षित गरेको पाइन्छ (सर्च स्त्रीशक्ति, सन् २०००) ।

महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले स्थापना भएको राष्ट्रिय महिला आयोगले उक्त उद्देश्य परिपूर्तिको निमित्त महिला शिक्षाको अपरिहार्य आवश्यकतालाई स्वीकार गरी यस आयोगका आगामी कार्यक्रमको प्राथमिक क्षेत्रमा “महिला र शिक्षालाई उल्लेख्य रूपमा समावेश गराइएको छ (रा.मा.आ., वि.सं. २०५८) भने अनौपचारिक शिक्षा केन्द्रले पनि प्रौढ

साक्षरता कार्यक्रम महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो साक्षरोत्तर कार्यक्रम वैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरू (अनौपचारिक शिक्षा केन्द्र, वि.सं. २०६०) सञ्चालन गरी महिला शिक्षालाई योगदान दिँदै आइरहेको छ ।

महिलाको शैक्षिक अवस्थामा क्रमश सुधार आइरहेको यथार्थता रहँदा रहादै पनि शिक्षामा लैङ्गिक दृष्टिकोणबाट समानता प्राप्त हुन सकेको छैन । नेपालको दीर्घकालीन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चित गर्न तथा महिला, दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्न लक्ष्य लिइएको छ । चौधौ योजनामा शिक्षाको सम्बन्धमा निम्न लिखित उद्देश्य राखिएको छ ।

१. शिक्षामा समता मुलक अवसर सुनिश्चित गर्दै शिक्षालाई सिपयुक्त समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु,

२. वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि गर्नु,

३. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासन संस्थागत गर्नु । (चौधौ योजना (वि.सं. २०७३/०७४ - २०७५/७६) ।

चौधौ योजनाको पृष्ठभूमि अन्तर्गत शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक, रूपान्तरणको संवाहकको रूपमा विकास गर्ने, सबै तह एवं विधाको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्ने शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरेर आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।

नेपालको संविधानले शिक्षा सम्बन्धी हकहरूलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । त्यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा लिएको छ । सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको छ ।

## २.३ सामाजिक लिङ्ग सम्बन्धी भएका अध्ययन

युनिसेफ, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम जस्ता अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, स्त्रीशक्ति, माइती नेपाल आदि गैर सरकारी संस्थाहरू तथा विभिन्न अध्ययन संस्थाहरू र स्वतन्त्र तहबाट महिला विकास जनचेतना लैङ्गिक सम्बन्ध लैङ्गिक शोषण र दमन चेलीवेटी बेचविखन आदि क्षेत्रमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरेका छन् ।

वेनेट (सन् १९८३) ले आफ्नो पुस्तक "Dangerous wives and sacred sister" मा हिन्दु पितृ प्रधान समाजमा नेपाली उच्च जातका महिलाहरूको सामाजिक र प्रातिकात्मक भूमिका पत्ता लगाएकी छिन् । हिन्दु परम्परा अनुसार महिला र अविवाहित महिलाको सामाजिक अवस्थालाई देखाएकी हुन् ।

## २.४ थारु समुदायको सामान्य परिचय

थारुहरू नेपाल र भारतको सिमाना जोडिएको तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी जाति हुन् । नेपालको पूर्वी तराईको झापादेखि सुदूरपश्चिमको कैलाली कञ्चनपुर र बर्दिया सम्मका विभिन्न क्षेत्रमा बसोबास गर्दै आइरहेका थारु समुदायका मानिसको आफ्नै किसिमको चालचलन भेषभुषा र आफ्नै भाषा छ । सन् २०११ मा नेपालको कुल जनसंख्या २६४९४५०४ मानिसहरू रहेको थियो । जसमा थारुहरूको संख्या १७३७४७० रहेको छ (के.त.बी., सन्२०११) ।

थारुको उत्पत्तिको सम्बन्धमा विभिन्न धारणाहरू रहेका छन् । जसमध्ये केही यहाँ उल्लेख छन् । थारुहरू राजपुराना, मुसलमानहरूको आक्रमण पछि नेपाल प्रवेश गरेका छन् । शत्रुको हातमा पर्नु भन्दा भाग्नु ठिक भनठानेर यिनीहरू नेपाल प्रवेश गरेका हुन् (विष्ट, वि.सं. २०३३) ।

गोपाल दहित (वि.सं. २०६२) को “थारु संस्कृतिको संक्षिप्त परिचय” आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा प्रकाशन गरिएको पुस्तकमा थारु जाति जतिसुकै गरिब भए पनि थारु जातिका महिला चेलिवेटीहरू विदेशतिर बेचिएको पाइदैन । यस्तो पहिचान राख्न सक्नुमा थारु संस्कृति भित्रको सुसस्कारले गर्दा नै हो ।

रेग्मी (१९९९) थारुहरू आफुलाई तराईको मौलिक र आदिवासी जाति भएको विश्वास गर्दछन् र कसैले थारु आफुलाई कपिलवस्तुको शाक्य वंशसँग सम्बन्धित गराई सिद्धार्थ वुद्धको पुस्ता मान्दछन् भनि उल्लेख गरेका छन् । सिद्धार्थ गौतम थारु जातिका थिए । "थारुहरू शाक्य र कोलिया हाँगा होकाकु र ओहाकुमुखा वंशज हो । जो पहिले राजा थिए ।"

थारुहरू नेपालको मुल वासी हुन र उनीहरूको उत्पत्ति नेपालमै भएको हो । राजस्थानको थारु मरुभूमिबाट आएको हुनाले उनीहरूलाई थारु भनिएको हो । थारुहरू तराई आदिवासी हुन् । कमजोर आर्थिक स्थिति र उच्च निरक्षरता दरका कारण अधिकांश थारुहरूको सामाजिक स्तर नेपालकै अन्य पहाडी जातिहरूको तुलनामा निकै कमजोर रहेको पाइन्छ । कमजोर आर्थिक स्थिति तथा भूमि हीनताको कारण अधिकांश थारुहरू मालिकको घरमा दास, दासी भएर श्रम गर्नु परिरहेको अवस्थाबाट पीडित थारुहरू सन् २००० मा सरकारले कमैया मुक्ति गरी श्रमबाट मुक्ति गरे पनि उचित व्यवस्थापन नहुँदा शिक्षा स्वास्थ्य र रोजगारीको अवसरबाट बञ्चित थारुहरू अझै सामाजिक आर्थिक रूपले निकै पछाडि छन् ।

## २.५ थारु महिला र शिक्षा

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ । प्रधानमन्त्री जंगबहादुरले निश्चित रूपमा आफ्ना परिवारका सदस्यलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरबार स्कुलको शुरुवात गरे । यस स्कुलमा जनताका छोराछोरीको पहुँच थिएन । नेपालमा औपचारिक शिक्षाको विस्तार सन् १९५१ पछि मात्र भएको हो । यसपछि केहि हदसम्म भए पनि जनताका छोराछोरीले शिक्षा ग्रहन गर्न पाए । पञ्चायति कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा, धर्म र संस्कृतिलाई मात्रै बढुवा दिने काम गऱ्यो (वन्त, सन् १९९६) । जसले गर्दा गरिब जनतामा शिक्षाको पहुँच पुगेन जुन कुरा नेपालका थारुहरूमा हालसम्म शिक्षाबाट बञ्चित रहेको स्थिति देखिन्छ ।

शिक्षाको कमीले गर्दा थारुहरू अन्धविश्वास र रुढिवादी मानसिकताबाट ग्रस्त छन् । थारुहरूमा खेतिपाटीलाई प्रमुख व्यवसाय मान्ने र पढेर के काम भनेको पाइन्छ । केटाहरू ठूलो भएपछि खेतीमा लागि हाल्छन् भन्ने मनोवृत्तिले थारुहरूको शिक्षाको विकासमा बाधा पुऱ्याएको देखिन्छ (प्रसाद, २०३४) । द्रोण प्रसाद रजौरेले आफ्नो अध्ययनमा थारुहरूले

प्राथमिक शिक्षासम्म पढेपछि त्यो भन्दा माथि भाषाको कारणले अन्य विद्यार्थीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् र पढाई छोड्न भनेका छन् । त्यसैगरी थारु महिलालाई पनि भाषाकै कारण पढाई बाधा पुगिरहेको छ । त्यसको साथसाथै थारु महिलाहरूको जनशक्ति घरको काममा बढी चाहिने र महिला शिक्षालाई आरामदायीको रूपमा हेरिने हुँदा महिलाको शिक्षामा न्यून उपस्थिति छ (रजौरे, सन् १९८१) ।

"थारुहरू शिक्षामा नआउनुको कारण उनीहरूमा प्रचलित उखान, आधा पढो हरसे गयो पुरो पढो घरसे गयो" को पनि महत्वपूर्ण भूमिका छ । एउटै गाउँमा बस्ने बाहुन क्षेत्रीमा पढ्नु पर्छ भन्ने धारणा छ तर थारुहरूमा त्यस्तो धारणा पाइदैन (लामिछाने, २०६६) । यसो हुनुको कारणहरु मध्ये गरिबी पनि मुख्य कारणहरु मध्ये नै पर्दछ । यसले पनि थारुहरुलाई शिक्षामा पहुँच बढाउन गाह्रो भएको महसुस हुन्छ ।

शिक्षा मानव जीवनको अभिन्न अंग हो । शिक्षा शब्दले सिक्ने वा ज्ञान आर्जन गर्ने चाहानालाई व्यक्त गर्दछ । आजको युगमा शिक्षा भनेको मानव जातिको तेस्रो आँखा हो । शिक्षा विना व्यक्तिले मानव जीवनको गहिराइलाई बुझ्न सक्दैन । शिक्षाको कार्यको बारेमा समाजशास्त्री Herbert Spencer (सन् 2000) भन्दछन् "मनुष्यलाई जीवन व्यतीत गर्नका लागि तत्पर गर्नु नै शिक्षाको कार्य हो ।"

समाजशास्त्री Emile Durkheim (सन् 1964) ले शिक्षाको सम्बन्धमा प्रकार्यवादी दृष्टिकोणबाट हेरेका छन् । उनका अनुसार शिक्षाको मुल्य र मान्यतामा परिवर्तन ल्याउनको लागि मुख्य कार्य गर्दछ । विद्यालयमा सिकाइने नियमको आधारमा बच्चाले साधारण नियमको पालना गर्दै उसले आफुलाई अनुशासनमा राख्ने बानीको विकास गर्नुको साथै विद्यालयका अन्य सदस्यसँग समेत घुलमील हुँदै जान्छ र जसले समाजमा समेत अन्य सदस्यसँग समाजकै नियम अनुरूप घुलमील हुँदै जान्छ । शिक्षाले व्यक्तिको क्षमता र सीपको विकास गराई उसको भविष्यमा पेसाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आजको जटिल औद्योगिक समाजमा विशिष्टकृत श्रमशक्ति उत्पादनका लागि शिक्षा अनिवार्य मानिन्छ । शिक्षाले विशिष्टकृत श्रमशक्ति उत्पादन गरी अहिलेको आाधुनिक समाजमा सामाजिक एकता कायम गर्नको लागि बलियो आधार तयार गर्दछ (Haralamobs, सन् 2011) ।

प्रकार्यवादी विचारण राख्ने समाजशास्त्री Talcott Parsons ले पनि शिक्षाको समाजमा हुने भूमिकाले सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार विद्यालयमा दिइने शिक्षाले परिवार र समाजलाई जोड्ने बिचमा पुलको कार्य गर्दछ, जसले एउटा बच्चालाई उसको युवा अवस्थाको भूमिकाको लागि तयार गर्दछ । आधुनिक शिक्षँ प्रणालीले प्रत्येक व्यक्तिलाई उसको भविष्यमा समाजप्रति कस्तो भूमिका रहने भन्ने कुरालाई जोडदिन्छ । परम्परागत समाजको अन्यको आधारमा पेशा निर्धारण हुने परम्परा रहे तापनि हालको आधुनिक समाजमा अन्यको आधारमा पेशा छनोट गर्ने नभई औपचारिक शिक्षाको माध्यमद्वारा व्यक्तिलाई दक्ष बनाई उसको क्षमता अनुरूप भविष्यमा कस्तो पेशा अपनाउने भन्ने विषयमा व्यक्तिगत रूपमा छनोटको अधिकार निर्धारण गर्दछ । औचारिक शिक्षाले विद्यार्थीलाई जाँच तथा मूल्याङ्कन गरी विद्यार्थीको सीप, क्षमता र दक्षताको परिक्षण गरी आवश्यक र उपयुक्त रोजगार दिलाउने संयन्त्रको रूपमा कार्य गर्दछ (Haralamobs, सन् 2011) ।

लैङ्गिकताका आधारमा महिलाहरूप्रति पुरुषले गर्दै आएको शोषण, दमन, अधिनताको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखापरेको दर्शन वा आन्दोलन नै नारीवाद हो । नारीवाद पुरुषको विरोध होइन । महिलाहरूलाई पुरुष सरह समान अधिकार र शक्तिको चाहाना नै नारीवाद हो । महिला विरुद्ध हुने हिंसा, दुर्व्यवहार तथा शोषण दमन नै नारीवाद भित्र पर्दछ । नेपालमा रहेको कुप्रथा, सती प्रथा, दाइजो प्रथा, झुमा, देउकी प्रथा, छाउपडी प्रथा यसको विरोधमा पुरुष पर्ना आवाज उठाएको देखिन्छ (जोशी, वि.सं. २०६८) ।

महिला आन्दोलनको विषय विभिन्न समयमा आन्दोलन भएका छन् । सन् १९७५ को मेक्सिकोमा भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन भयो । दोस्रो सन् १९८० मा कोपेन हगमा भयो र तेस्रो सन् १९८५ मा केन्याको नैरोबीमा र चौथो चीनको बेजीङमा सन् १९९५ मा भयो (जोशी, वि.सं. २०६८) ।

नेपालमा पनि यस्ता आन्दोलन हुँदै आएका छन् वि.सं. २००४ मा महिला संघको स्थापना र वि.सं. २०३७ सालमा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकासको स्थापना, वि.सं. २०५८ मा महिला आयोगको स्थापना भएको थियो ।

समाजमा भएको महिलाप्रतिको सामाजिक दृष्टिकोण परिवर्तन गरिनु पर्दछ, छोराछोरी बिचको विभेद अन्त्य गरी समाजमा रहेका कुप्रथाहरू जस्तै छाउपडी प्रथा, देउकी प्रथा, छुवाछुत प्रथा आदि कुरीति निर्मुल गर्नु पर्दछ । महिला साक्षरतादर वृद्धि गर्न जनचेतना फैलाउन महिलाहरूलाई विश्वविद्यालयसम्मको शिक्षा निःशुल्क गरिनु पर्दछ । हाल पनि ४७ प्रतिशत महिला निरक्षर छन् भने १५ वर्ष भन्दा माथि उमेर पुगेका ५.८ प्रतिशत भन्दा बढी महिला कहिल्यै विद्यालय गएका छैनन् (के.त.बी., सन् २००८) ।

महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउने वातावरण बनाई आर्थिक सशक्तिकरणमा ध्यान दिनु जरुरी देखिन्छ । कुल रोजगारमा करिब एक चौथाई २६ प्रतिशत महिलाहरू रोजगार भएका छन् । त्यसैगरी महिलाको मासिक आम्दानी पुरुषको तुलनामा कम छ । गैर कृषि क्षेत्रमा काम गर्ने महिलाहरू २० प्रतिशत भन्दा कम छन् (के.त.बी., सन् २००८) ।

सशक्तिकरण एउटा यस्तो प्रक्रिया हो जसले मानिसमा अन्तर्निहित क्षमतालाई जागृत गराउँछ । यसले मानवीय जीवनलाई गतिशिल बनाउँछ, मानिस व्युताउँछ । यो समाजमा रहेको कुसंस्कार, कुरीति, विभेदको अन्त्य गरी समानता तर्फ उन्मुख हुने प्रक्रिया हो । स्वाबलम्बन कृषि सञ्जाल निर्माण, सांगठनिक, सशक्तता जस्ता प्रक्रियाहरू सशक्तिकरणमा समावेश भएका हुन्छन् (Parsons, सन् 1991) ।

नेपालको हालको स्थितिमा महिलाको स्तरमा केही हदसम्म सुधार आएको पाउन सकिन्छ । हालै नेपालमा नेपालको संविधान वि.सं. २०७२ जारी भएको छ जसमा महिलाका अधिकार सुनिश्चित गरिएको छ । राज्यको सर्वोच्च विकासमा नेपालको दोस्रो राष्ट्र प्रमुख र सभामुखको रूपमा महिलानै पुगेको हुनाले महिलाको स्थिति राम्रो देख्न सकिन्छ ।

# अध्याय– तीन

# अनुसन्धान पद्धति

कुनै पनि घटना वा विषयसँग सम्बन्धित तथ्यहरूका बारे क्रमवद्ध एवं व्यवस्थित गरिने अनुसन्धानको प्रक्रिया नै अनुसन्धान पद्धति हो । यस अन्तर्गत अनुसन्धानको ढाँचा अध्ययन क्षेत्रको छनोट, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्क प्रस्तुतीकरण एवं विश्लेषण अनि अध्ययनको सीमाहरूको निम्नानुसार चर्चा गरिएको छ ।

## ३.१ अध्ययनको क्षेत्रको छनोट र त्यसको औचित्य

दाङ जिल्ला नेपालको मध्यपश्चिम क्षेत्रमा अवस्थित राप्ती अञ्चलको ५ जिल्लामध्ये एक हो । दाङ उपत्यका नेपलाको सबैभन्दा ठुलो र एसियाको दोस्रो ठुलो उपत्यकाको रूपमा परिचित छ । रमणीय र सुन्दर उपत्यका दाङमा विभिन्न जाति जस्तैः वाहुन, क्षेत्री, दलित, थारु प्रमुख जाति बस्दछन् । दाङ जिल्लाको साक्षरता दर ७१.६४ प्रतिशत छ । ३ वटा नगरपालिका र ३९ गा.वि.स. छन् । ६५.०२ प्रतिशत वन क्षेत्रले ढाकेको छ । २३.६७ प्रतिशत कृषि क्षेत्र छ । दुईवटा जलाधार क्षेत्र बवई र राप्ती छन् । नेपाल भाषी ६४ प्रतिशत र थारु भाषी ३०.१ प्रतिशत छन् । यस ठाउँको तापक्रम ० डिग्री देखि ४१ डिग्री सम्म पाइन्छ (के.त.बी., सन् २०११) ।

थारु समुदायको महिला शिक्षाप्रति रहेको धारणा पत्ता लगाउनका लागि श्रीगाउँ गा.वि.स. लाई नै अध्ययनको क्षेत्र बनाउन चाहनु निम्न कारण छन् ।

१. यो क्षेत्र मध्यपश्चिम नेपालको श्रीगाउँमा अवस्थित छ । जहाँ थारु समुदायका मानिसहरू बसोबास गर्दछन् र अध्ययनले पश्चिमका थारु समुदायको केही हदसम्म प्रतिनिधित्व गरेको छ ।

३. क्षेत्र पूर्व परिचित हुनु र अध्ययनको लागि आवश्यक सूचना सजिलै प्राप्त गर्न सकिने भएकाले ।

## ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धान महिलामा शैक्षिक अवस्थाका बारेमा जानकारी प्राप्त गर्नु महिला शिक्षालाई प्रभावित गर्न तथ्यको खोजी गर्ने तथा शिक्षाले महिलाको जीवनमा ल्याएको

परिवर्तन परीक्षण गर्नु तर्फ केन्द्रित शैक्षिक अवस्थाको सम्बन्धमा अन्वेषणात्मक तथा वर्णनात्मक ढाँचामा अनुसन्धान गरिएको छ । यसका निम्ति समाजका विभिन्न पेशा, समुदाय, वर्गका व्यक्तिहरू, थारु समाजका बुढापाका तथा अगुवा महिला पुरुषसँग सहयोग लिइएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत

अध्ययनको विषयसँग सम्बन्धित आवश्यक तथ्य तथा सुचनाहरू संकलन गर्न प्राथमिक र द्वितीय दुवै सूचनाका स्रोतहरू प्रयोग गरिएको थियो । प्राथमिक स्रोतहरूमा प्रत्यक्ष भेटघाट, कुराकानी अन्तर्वर्ता आदि जस्ता विधिहरू प्रयोग गरिएको थियो । द्वितीय स्रोत अन्तर्गत, पत्रपत्रिका, पुस्तक प्रतिवेदन, शोधपत्र शैक्षिक तथ्याङ्क आदिको प्रयोग गरिएको थियो ।

## ३.४ नमुना छनोट पद्धति

दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. मा बसोबास गर्ने थारु जातिलाई अध्ययनका लागि लिइएको छ । यहाँ बसोबास गर्ने १६० थारुहरूको घरधुरी यस अध्ययनको समग्र हो । सबै घरधुरीलाई अध्ययनमा समेट्न समय, स्रोत र साधनको दृष्टिले कठिनाई हुने भएकाले र्‍यान्डम विधिको प्रयोग गरी २५ प्रतिशत घरधुरीलाई नमुनाको रूपमा छनोट गरिएको छ जसमा ४० घरधुरी हुन आउँछ । उक्त घरधुरीमा महिला १११ र पुरुष ९९ जना रहेको छ । ४० घरधुरीमा प्रत्येक परिवारबाट एक जना २० देखि माथि उमेरका महिलालाई छनोट गरी समावेश गरिएको छ । यसका निम्ति समाजका विभिन्न पेशा, समुदाय, वर्गका व्यक्तिहरू, थारु समाजका बुढापाका तथा अगुवा महिला पुरुषसँग सहयोग लिइएको थियो । यसरी महिलाहरू (उत्तरदाताहरू) छनोट गर्दा स्पष्ट उत्तर दिन सक्नेहरूलाई नै छनोट गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधि

अध्ययनको उद्देश्य प्राप्त गर्न तथ्याङ्कको बढी आवश्यकता पर्दछ । अध्ययनको उत्कृष्ट परिणामको लागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन विधिमा निर्भर गर्दछ । जस्तोः अन्तर्वार्ता, अवलोकन विधि र केही प्रश्नावली विशेष व्यक्ति वैयक्तिक अध्ययन अवलम्बन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता

अध्ययनको उद्देश्य पुरा गर्न तथ्याङ्क संकलन गर्ने क्रममा श्रीगाऊ गा.वि.स. का थारु महिलासँग व्यक्तिगत रूपमा भेटी उनीहरूको शिक्षा प्रतिको धारणा बुझ्न संरचित अन्तर्वार्ता सूची तयार गरिएको थियो । उक्त अन्तर्वार्ता सूचीमा बन्द र खुला दुवै खालका प्रश्नहरू थिए । प्रत्येक उत्तरदातासँग उक्त अन्तर्वार्ता सूचीको प्रयोग गरेर अन्तरवार्ता लिइएको थियो । उक्त अन्तर्वार्ताबाट थारु महिलाहरूको, शैक्षिक अवस्था, उनीहरूको शिक्षाप्रतिको बुझाई, थारु महिलाको शिक्षा प्रतिको धारणासँग सम्बन्धित सुचनाहरू लिइएको थियो ।

### ३.५.२ अवलोकन विधि

अवलोकन पद्धति मार्फत तथ्याङ्क संकलन गर्दा प्रत्यक्ष अवलोकनक गरी थारुहरूको घर परिवारमा पुगेर स्पष्ट देखिने जसमा पारिवारिक क्रियाकलाप, स्वास्थ्य, सरसफाई, परिवारको काम गर्ने शैली, पारिवारिक वातावरण आदि कुराको प्रत्यक्ष अवलोकन गरी शक्षिक अवस्थाको बारेमा अध्ययन गरिएको थियो ।

## ३.६ अध्ययनको प्रस्तुतीकरण

कुनै पनि अध्ययन तथा अनुसन्धानको संकलित तथ्याङ्कहरूले विश्लेषण तथा प्रस्तुतीकरणमा निर्भर गर्दछ । जाति वा समुदायको विभिन्न पक्षको अध्ययन अनुसन्धानका लागि संकलित गरिएको तथ्याङ्क तथा तथ्यहरूलाई त्यसको प्रवृत्ति अनुसार वर्गीकरण गरी विश्लेषण तथा तालिकावद्ध रूपमा प्रस्तुत गरिएको छ । संकलित परिमाणात्मक तथ्यहरूलाई साधारण तालिकामा र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यो अनुसन्धान दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. मा बसोबास गर्ने थारु महिलाहरूमा गरिएको छ । वर्तमान शिक्षा प्रणालीले थारु महिलामा ल्याएको परिवर्तनको खोजी गरिएको छ । यस अध्ययनले श्रीगाउँका सम्पूर्ण थारु महिलाको सामाजिक, आर्थिक अवस्थाको समग्र अध्ययनका साथ उनीहरूको वर्तमान स्थितिको बारेमा समेत अध्ययन गरिएको छ ।

यस अध्ययनका सीमा निम्न छन् :

(क) यस अध्ययनमा दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. भित्र बसोबास गर्ने थारु महिलाहरूमा हालको शिक्षाले ल्याएको परिवर्तनका बारेमा अध्ययन गरिएको छ ।

(ख) यो अध्ययन श्रीगाउँ गा.वि.स. मात्र सीमित रहेको छ ।

(ग) यस अध्ययनमा श्रीगाउँ गा.वि.स. भित्रका सबै वडाहरूको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको छ ।

# अध्याय- चार

# थारु महिलाको सामाजिक आर्थिक पृष्ठभूमि

थारुहरू नेपाल र भारतको सीमाना जोडिएको तराइ क्षेत्रमा बसोबास गर्ने आदिवासी जाति हुन । नेपालको पूर्वी तराइको झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्म बसोबास गर्दै आइरहेका थारु समुदायका मानिसको आफ्नै भाषा संस्कृति छ । यस अध्यायमा अध्ययनरत गरिएका थारुहरूको जनसांख्यिक स्थिति, वैवाहिक अवस्था, पारिवारिक स्थिति, पेशागत अवस्था, भूस्वामित्वको स्थिति आदिको बारेमा चर्चा गरिएको छ ।

## ४.१ लिङ्गको आधारमा थारुहरूको जनसंख्या

अध्ययन क्षेत्रको जनसंख्यामध्ये नमुना छनोटमा परेका घरपरिवारको जनसंख्यालाई लिएको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**लिङ्गको आधारमा जनसंख्या छनोट**

| लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | १११ | ५२.९ |
| पुरुष | ९९ | ४७.१ |
| जम्मा | २१० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. १ मा देखाए अनुसार यस अध्ययन क्षेत्रमा जम्मा घरसंख्या ४० मा कुल जनसंख्या २१० रहेको छ । जसमा पुरुष ९९ जना अर्थात ४७.१ प्रतिशत र महिला १११ जना अर्थात ५२.९ प्रतिशत रहेका छन् । पुरुष र महिलाको तुलना गर्दा पुरुष महिला भन्दा १२ जना कम छन् । त्यसैले महिलाको जनसंख्या पुरुषको तुलनामा केही बढी पाइयो । केटा मानिसहरू प्रायः श्रीमतीको मृत्यु भयो भने अर्को विवाह गर्ने प्रचलन छँदैछ । थारु समुदायमा चाहिँ कोही-कोही विधवा विवाह भएको पाइन्छ दाइ बितेपछि भाउजुसँग विवाह गर्ने चलन छ तर यो क्रमशः घट्दै गइरहेको पाइन्छ । थारु समुदाय पनि पुरुष प्रदान समाज भएकाले छोरा आमाबाबुको साहारा बन्ने र छोरी विवाह गरेर अर्काको घर जाने

भएकाले छोराको चाहानाले गर्दा छोरीको संख्या बढी भएको देख्न सकिन्छ । यसमा छोरा हुन्छ भन्दै ३-४ वटा छोरीहरु भएको जसले गर्दा छोरीको संख्या बढेको पाउन सकिन्छ ।

**तालिका नं. २**

**अध्ययन क्षेत्रको थारु परिवार र संख्या**

| क.सं. | उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०–५ | ० | ० | ६ | २.८ | ६ | २.८५ |
| २ | ६–१६ | ३९ | १८.५७ | ३२ | १५.३ | ७१ | ३३.८० |
| ३ | १७–६० | ६५ | ३०.९५ | ५४ | २५.७१ | ११९ | ५६.७७ |
| ४ | ६०+ | ७ | ३.३४ | ७ | ३.३३ | १४ | ६.६६ |
| | | १११ | ५२.९ | ९९ | ४७.१ | २१० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. २ का अनुसार ४० घर परिवारमा ०-५ वर्षका बालबालिकाहरूमा बालिका तर्फ ० जना र बालक तर्फ ६ जना अर्थात २.८ प्रतिशत गरी जम्मा ६ जना अर्थात् २.८५ प्रतिशत बालबालिका रहेका छन् । त्यसैगरी ६-१६ वर्ष उमेर समूहका बालबालिकाहरू जो विद्यालय जाने कार्यमा व्यस्त रहेका देखियो त्यसमा महिलातर्फ ३९ जना अर्थात १८.५७ प्रतिशत र पुरुष तर्फ ३२ जना अर्थात १५.२३ गरी जम्मा ३३.८० प्रतिशत रहेको पाइयो । १७-६० वर्ष उमेर समुहको जनसंख्यामा महिला तर्फ ६५ जना अर्थात ३०.९५ प्रतिशत छन् भने पुरुष तर्फ ५४ जना अर्थात २५.७१ प्रतिशत छन् । ६०+ वर्षका थारुहरूमा ७ जना महिला अर्थात ३.३४ प्रतिशत र पुरुष ७ जना अर्थात ३.३४ प्रतिशत रहेको छ ।

## ४.२ वैवाहिक अवस्थाका आधारमा थारुको विवरण

कुनै पनि समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा त्यस समाजको सामाजिक तथा सांस्कृतिक पक्षहरूले प्रभाव पारेको हुन्छ । यस अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक अवस्थाको अवलोकन र अन्तर्वार्ताको माध्यमबाट लिइएको जानकारीको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

**वैवाहिक अवस्थाका आधारमा थारुको विवरण**

| क.सं. | लिङ्ग | थारु परिवारका सदस्यको वैवाहिक अवस्था | | | |
|---|---|---|---|---|---|
| | | अवस्था | विवाहित | अविवाहित | विदुर/विधुवा |
| १ | महिला | जनसंख्या | ४६ | ५९ | ६ |
| | | प्रतिशत | ४१.४४ | ५३.१५ | ५.४० |
| २ | पुरुष | जनसंख्या | ४६ | ५३ | - |
| | | प्रतिशत | ४६.४७ | ५३.५३ | - |
| | जम्मा | जनसंख्या | ९२ | ११२ | ६ |
| | | प्रतिशत | ४३.८० | ५३.३३ | २.८५ |

स्रोत: स्थलगत अध्ययन, २०७३

तालिका नं. ३ अनुसार कुल २१० जनसंख्या मध्ये विवाहित महिला ४६ जना सम्पूर्ण महिला जनसंख्याको ४१.४४ प्रतिशत र विवाहित पुरुष ४६ जना सम्पूर्ण पुरुष जनसंख्याको ४६.४७ रहेको छ । कुल विवाहित जनसंख्या ८२ (सम्पूर्ण जनसंख्याको ४३.८०) रहेको यस क्षेत्रमा विवाहित मध्येकै ६ जना महिला विधवा रहेका छन् । यस तालिकामा अविवाहिताको जनसंख्या ११२ (सम्पूर्ण जनसंख्याको ५३.३३ प्रतिशत) रहेकोमा ५९ महिला र ५३ पुरुष रहेका छन् ।

## ४.३ परिवारको प्रकारको आधारमा थारुको पारिवारिक विवरण

थारुहरूको परम्परागत रूपमा आज भन्दा ३०-४० वर्ष पहिले संयुक्त परिवारमा जसमा ४०-५० जनासम्म परिवार हुन्थ्यो । त्यस ठाउँका बुढा धनीराम थारुले बताउनु भयो तर अचेल एकल परिवार बढी पाइन्छ ।

**तालिका नं. ४**

**परिवारको प्रकारको आधारमा थारुको पारिवारिक विवरण**

| क.सं. | परिवारको प्रकार | संख्या |
|---|---|---|
| १ | एकात्मक परिवार | ३१ |
| २ | संयुक्त परिवार | ९ |
| | जम्मा | ४० |

स्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ४ का अनुसार ४० घरपरिवारमा एकात्मक परिवार ३१ र संयुक्त परिवार ९ रहेका छन् । वृहत परिवारमा भने रहेको पाइएन । एकात्मक परिवारमा एकै छानामुनि बस्ने एउटै भान्सा प्रयोग गर्ने आमाबुबा र तिनीहरूका छोरा, बुहारी, नाति नातिनी पर्दछन् ।

थारु समुदायमा परम्परागत रूपमा पहिलेदेखि वृहत तथा संयुक्त परिवारमा बस्दै आएकोमा हाल आएर यहाँ एकल परिवार बढी हुन थालेको छ । वृहत र संयुक्त परिवारमा धेरै सदस्य मिली खेती गरी जिविका चलाउथे । पहिले अरुको घरमा कमैया भएर काम गर्ने गर्थे भने अहिले कमैया प्रथा अन्त्य गरेपछि उनीहरूको परिवारको आकारमा फरक आएको छ । छुट्टै बस्दा आर्थिक उन्नति हुन्छ आफ्ना छोराछोरीलाई पालनपोषण गर्न सकिन्छ राम्रो शिक्षा दिन सकिन्छ भन्ने धारणाले पनि परिवार परिवर्तन हुँदैछ । मानिस अहिले पश्चिमीकरणको प्रभावले व्यक्तिवादी हुन थालेका छन् । जुन कुराको प्रभाव थारु समुदायमा पनि पाउन थालिएको छ । सँगै बस्दा सबैको मन नमिल्ने झगडा हुन सक्ने, स्वतन्त्र हुन नपाइने कारणले पनि छुट्टै बस्न थालेका छन् ।

## ४.४ आकारको आधारमा थारुको परिवारको विवरण

थारुहरूका ४० परिवारलाई सदस्य संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिएको छ । जुन निम्न तालिका नं. ५ अनुसार रहेको छ ।

**तालिका नं. ५**

**घर परिवारको सदस्यहरूको विवरण**

| परिवारका सदस्य संख्या | घर संख्या |
|---|---|
| सानो (१-४ जना) | १२ |
| मध्यम (५-८) जना | २५ |
| ठूलो ९ माथि | ३ |
| जम्मा | ४० |

स्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ५ अनुसार थारुको परिवारलाई आकारका दृष्टिले ३ भागमा बाडिएको छ । जसमा सानो परिवार १२, मध्यम परिवार २५ र ठूलो परिवार ३ परिवार रहेका छन् । जसमा मध्यम सदस्य संख्या बढी रहेको पाइयो ।

पहिला थारुहरू तराइकै रैथाने हुँदा उनीहरूसँग जमिन धेरै थियो पछि बसाइसराई र औलो उन्मुलन कार्यक्रम पछि तराइमा बसाइसराई गरी पहाडीहरू तराईमा आएपछि थारुहरूको भूमि स्वामित्व कम हुँदै गयो ।

यो जातिले आफ्नै घरमा खेती गर्ने धेरै छोराछोरी भए अर्काको घरमा काम गर्न राख्ने जसमा पैसा आउँछ र आर्थिक स्थिति बलियो हुन्छ भनेर धेरै सन्तान जन्माउने गर्दथ्ये विभिन्न सञ्चारको माध्यम र यस समुदायका मानिसमा जनचेतना वृद्धि भएको छ । त्यसले गर्दा सानो परिवार सुखी परिवार संख्या घटे जस्तै त्यहाँ पनि पहिलेको तुलनामा परिवार संख्या घट्दैछ । थोरै छोराछोरी भए उचित स्याहार पुग्ने राम्रो शिक्षा दिन पाइने कम खर्च लाग्ने जस्ता कुराहरू अभिभावकले बुझ्न थालेका छन् । पहिलाको तुलनामा छोराप्रतिको चाहना अलि कम हुँदा छोरी भए पनि सन्तान नै हुन भन्ने चाहनाले गर्दा सानो परिवारको संख्या विस्तारै बढ्दै छ ।

## ४.५ पेशागत अवस्था

यहाँका अधिकांश थारु जातिहरू कृषि पेशाका साथै ज्याला मजदुरी र अन्य पेशामा संलग्न रहेका छन् । यसका अतिरिक्त केही संख्यामा व्यापार, मिस्त्री, नोकरी आदि पेशा पनि अपनाएको पाइन्छ । यसरी यहाँका मानिसहरूको अपनाउने पेशाहरूलाई विभिन्न बुँदाहरूमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यहाँ अपनाइने पेशागत विवरणलाई तालिकामा राखी देखाइएको छ ।

**तालिका नं. ६**

**थारु जातिको पेशागत अवस्था**

| विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | २२ | १०.४७ | ११ | ११.११ | ३३ | २७.७३ |
| ज्याला मजदुरी | ३५ | ३१.५३ | २७ | २७.२८ | ६२ | ५२.१० |
| व्यापार | २ | ०.९५ | १५ | १५.१९ | १७ | १४.२८ |
| वैदेशिक रोजगार | – | – | ३ | ३.०३ | ३ | २.५२ |
| सरकारी जागिर | १ | ०.९० | ३ | ३.०३ | ४ | ३.३६ |
| जम्मा | ६० | | ५९ | | ११९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

नोटः बाँकी केटाकेटी र बुढाबुढीले घरमा रहने भएकाले

हाम्रो जस्तो कृषि प्रधान देशमा धेरै जसो मानिसहरू कृषि पेशा अपनाउँछन् । थारु समुदायको परापूर्वकाल देखि नै मुख्य पेशा कृषि हो । खेतीको काम गरेर गुजारा चलाउँदै आएका तिनीहरू हाल कृषि पेशामा भन्दा ज्याला मजदुरी पेशामा बढी संलग्न रहेका छन् । पुँजीवादको विकास बजारको विस्तारले केही व्यापार गर्न थालेका छन् । विदेशमा गएर श्रम खर्च गरेर धेरै पैसा कमाएर आर्थिक उन्नति गर्न सकिन्छ भन्ने आशयले केही वैदेशिक रोजगारीमा गएका छन् । देशमा कृषि पेशामा संलग्न व्यक्ति विस्तारै अन्य पेशामा संलग्न हुन थाले जस्तै यस समुदायका व्यक्तिहरू पनि परम्परागत पेशा कृषिमा मात्र सीमित नरही अन्य पेशालाई अवलम्बन गरेको पाइयो ।

## ४.६ परिवार प्रमुखको आधारमा थारु परिवारको विवरण

पितृसत्तात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारका परिवार प्रमुख पुरुष नै रहेका छन् । केही परिवारमा महिला प्रमुख भए पनि ती परिवार मातृसत्तात्मक नभई लोग्नेको मृत्यु भएको वा पुरुष घरबाहिर काम गर्न गएको विभाजनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**परिवार प्रमुखको आधारमा थारुको पारिवारिक विवरण**

| क्र.सं. | परिवारको प्रकार | परिवार संख्या |
|---|---|---|
| १ | पुरुष नेतृत्व परिवार | ३४ |
| २ | महिला नेतृत्व परिवार | ६ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथि तालिका नं. ७ अनुसार कुल ४० परिवार मध्ये ३४ परिवार पुरुष परिवार प्रमुखको रूपमा रहेका छन् बाँकी परिवारमा मात्र महिलाहरू परिवार प्रमुखको रूपमा रहेका छन् ।

हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला सहज रूपमा परिवार प्रमुख हुँदैनन् । महिला जहिले पनि पुरुषमा आश्रित हुँदै आएका छन् । एक्काइसौं शताब्दीमा पनि महिलाको निर्णय स्वीकार हुन्छ भने त्यहाँ पुरुष नभएर हो । महिला पुरुष सरह पढे लेखेको भए पनि परिवारमा पुरुषकै निर्णय प्रमुख हुन्छ । यो थारु समुदाय पनि पुरुष प्रधान समुदाय हो ।

यस थारु समुदायमा पनि पुरुष महिला दुवै बराबरी रूपमा काम गर्दछन् । महिला घरको काम ल्याएर ज्यालामजदुरीको काम पनि गरी रहेका हुन्छन्, तर पनि अधिकांश परिवारमा पुरुष नै परिवार प्रमुख रहेका छन् । यहाँ महिला परिवार प्रमुख भएका परिवारमा पनि लोग्ने जीवित नभएर छोरा पनि हुर्किनसकेको कारण वाध्यात्मक स्थितिमा मात्र महिला प्रमुख हुन पुगेका छन् ।

## ४.७ जमिन

मानिसहरू बसोबास गर्नका साथै उत्पादनका लागि जमिनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अझ कृषि प्रधान राष्ट्रका लागि त यसको अत्याधिक महत्व हुने गरेको हुन्छ । थारु परिवारको स्वामित्वमा रहेको भूमिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**थारु घरपरिवारको स्वामित्वमा रहेको भूमिको विवरण**

| क.सं. | भू-स्वामित्व | घर संख्या |
|---|---|---|
| १ | भूमिहीन | - |
| २ | १-५ कट्ठा | ३१ |
| ३ | ६-१० कट्ठा | ७ |
| ४ | १०-१५ कट्ठा | २ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ८ का अनुसार कुल ४० परिवारमा भूमिहिनको संख्या शुन्य रहेको छ । किनकी सरकारले कमैया मुक्त भए पछि उक्त ठाउँमा कमैया पुर्नवासका लागि सबै मुक्त कमैयाहरूलाई ५ कट्ठा जग्गा वितरण गरेर बस्ति बसाएको हुनाले त्यहाँ भूमिहीनहरूको संख्या शुन्य रहेको छ । पुर्नवास कार्यक्रम पछि केही व्यक्तिहरूले आफ्नो लगानीमा जग्गा किनेको पाइन्छ । सबैभन्दा अत्याधिक १-५ कट्ठामा ३१ घर रहेको छ । त्यस्तै ६-१० कट्ठा भएका ७ जना रहेका छन् र सबै भन्दा कम १०-१५ कट्ठामा २ जना मात्र रहेका छन् । १-५ कट्ठा जमिन भएको हुनाले उनीहरूलाई त्यसले वर्षभरी खान नपुग्ने र जिविकोपार्जनको लागि उनीहरू अर्काको जग्गा अधिया लगाउने, ज्याला मजदुरी गर्ने जस्ता

कामहरू गर्दछन् । पहिला थारुहरूको धेरे जग्गा थियो । वि.सं. २०२१ सालको भूमि सुधार ऐन र औलो उन्मुलन भए पछि यहाँ पहाडीहरू प्रवेश हुन थाल्यो ब्राहमण, क्षेत्रीसँग पेशा प्रशस्त थियो र थारुहरूसँग जग्गा प्रशस्त थियो र थारुले ब्राहमण क्षेत्रीसँग जग्गा बेच्न थाले र पछि उनीहरू भूमिहीन हुन पुगे ।

## ४.८ अरुको जग्गा अधियामा वा ठेक्कामा कमाउने र नकमाउने थारु घरपरिवार

समुदायका विभिन्न जाति जनजातिहरूको बसोबास रहेको हुन्छ सबै जातिहरूमा समान रूपले प्राकृतिक स्रोत र साधनको विभाजन भएको हुँदैन । विभिन्न कारणहरूले कसैले प्राकृतिक स्रोत र साधनमा पकड जमाएका हुन्छन् । त कसैले केही अध्ययन क्षेत्रको थारु महिला जातिहरूको केहीसँग आफ्नो स्रोत र साधन रहेको छ तर त्यसैको प्रयोग र पहिचान गर्दै आएका छन् ।

**तालिका नं. ९**

**अरुको जग्गा अधियामा वा ठेक्कामा कमाउने वा नकमाउने थारुको घरपरिवार**

| क्र.सं. | विवरण | घर परिवार |
|---|---|---|
| १ | जग्गा कमाउनेहरू | १२ |
| २ | जग्गा नकमाउनेहरू | २८ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. ९ का अनुसार अरुको जग्गा कमाउने थारुहरू १२ घरपरिवार रहेका छन् भने अरुको जग्गा नकमाउने थारुहरू २८ जना रहेका छन् भने अरुको जग्गा कमाउने भन्दा नकमाउनेको संख्या बढी हुनुमा वैदेशिक रोजगार सरकारी जागिर व्यापार तथा अन्य व्यवसाय तर्फ संलग्न रहेको कुरा अध्ययनबाट विश्लेषण गर्न सकिन्छ । थारु समुदायमा पनि शिक्षाको प्रभावको कारणले गर्दा कृषि पेशाभन्दा अन्य पेशा व्यवसायबाट फाइदा मिल्ने भएकाले अन्य पेशामा सहभागी बन्दै गएको कुरा पूर्वसाहित्यबाट पनि थाहा पाउन सकिन्छ ।

# अध्याय- पाँच

# थारु महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा

मानिसको जीवनमा जसरी अन्य कुराहरूको आवश्यकता हुन्छ, त्यसरी नै शिक्षाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षाविना मानिसको जीवन अपुरो हुन्छ । कुनै पनि समाजलाई चेतनशील र क्रियाशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम बनेको छ । देशमा संचालित विभिन्न योजनाहरूको मुख्य लक्ष्य नै देशवासीको विभिन्न पक्षहरूसँग सम्बन्धित जस्तै सामाजिक आर्थिक तथा मानसिक क्षेत्रमा समृद्धशाली बनाउनु हो । देश बनाउनु भन्नु न समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो । यसमा पनि देशको आधारभन्दा बढी जनसंख्या महिला भएको स्थितिमा महिला शिक्षाको विकास गर्न बञ्चित देखिन्छ ।

शैक्षिक दृष्टिले हेर्दा यहाँका थारु जातिहरू अन्य जाति ब्राम्हण, क्षेत्रीको तुलनामा पछि परेको देखिन्छ । शिक्षाको महत्वबारे ज्ञान नहुनु तथा कृषिको अलवा अन्य पेशा अपनाउन नजान्ने पनि यसको प्रमुख कारण मान्न सकिन्छ । त्यस्तै आर्थिक अवस्था कमजोर हुनु पनि अर्को कारण भएको मान्न सकिन्छ । आजभोली मात्र विद्यालयमा थारु जातिको भर्ना संख्यामा केही वृद्धि भएको पाइन्छ ।

## ५.१ अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था

अध्ययन दाङ जिल्लाको श्रीगाउँ गा.वि.स. मा बसोबास गर्ने थारु महिलाको शिक्षाको अवस्था कस्तो छ भनेर थाहा पाउनको लागि गरिएको थियो अनुसन्धानको आधारमा हेर्दा समयको परिवर्तनसँगै अनुसन्धान क्षेत्रका महिलाहरूको केही मात्रामा भए पनि शिक्षामा परिवर्तन आएको पाइयो ।

अध्ययन क्षेत्रका महिलाहरूको उमेर र आर्थिक स्तर परिवारको प्रवृति अनुसार फरक फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई विस्तृत रूपमा बुझाउनका लागि विभिन्न उपशीर्षकमा राखेर देखाइएको छ ।

**तालिका नं. १०**

**साक्षर महिलाको शिक्षाको स्थिति**

| शैक्षिक अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ६० | ५४.०५ |
| साक्षर | ५१ | ४५.९५ |

| शैक्षिक अवस्था | | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| अनौपचारिक अन्तर्गत | | ८ | १५.६८ |
| औपचारिक | प्रा.वि. | २० | १८.०१ |
| | नि.मा.वि. | १२ | १०.८१ |
| | मा.वि. | ८ | ७.२० |
| | उ.मा.वि. | १ | ०.९० |
| | उच्च शिक्षा | २ | १.८० |
| | जम्मा | १११ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १० का अनुसार अनुसन्धान गरिएको क्षेत्रमा निरक्षर महिलाहरू ६० जना रहेका छन् । उनीहरूको आफु स्कुल नै नगएको पढ्ने त झनै कुरा नगरौ भन्ने कुरा अध्ययनका क्रममा बताए । उनीहरू परम्परागत सोचको कारण आमा बुबाले पढ्न हुँदैन भनेर शिक्षाबाट पूर्ण रूपमा बञ्चित भएको बताए । उनीहरूको सामाजिक, सांस्कृतिक पृष्ठभूमि पनि गरिबीको रेखामुनि रहेकोले शिक्षाबाट बञ्चित हुन बाध्य भएको कुरा स्थलगत अध्ययनका क्रममा पाइयो । त्यसै गरी साक्षरता संख्या ५१ जना रहेको पाइयो जसमा सबैभन्दा बढी प्राथमिक तह पढेका २० जना पाइयो भने सबैभन्दा कमले उच्च शिक्षा हासिल गरेको पाइयो जसमा ३ जना २.७० प्रतिशत पाइयो । अहिले आएर विस्तारै पढाइलाई निरन्तरता दिएर उच्च शिक्षासम्म पुगेको पाइयो ।

## ५.२ साक्षरताको प्रमुख स्रोत

यस अनुसन्धान क्षेत्रका महिलाहरूको साक्षरताको प्रमुख स्रोतको रूपमा औपचारिक र अनौपचारिक गरी २ किसिमको शिक्षा प्रणाली पाइयो ।

### तालिका नं. ११

### शैक्षिक सहभागिताको किसिम थारु महिलाको विवरण

| क्र.सं. | जनसंख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | ४३ | ८४.३१ |
| २ | अनौपचारिक | ८ | १५.६८ |
| | जम्मा | ५१ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ११ अनुसार शिक्षामा संलग्न रहेका थारु महिलाहरू मध्ये ८ जनाले औपचारिक शिक्षामा संलग्न रहेका थारु महिला भएको पाइयो ।

अचेल नयाँ पिढीका छात्राहरू सबैले औपचारिक शिक्षा लिइरहेका छन् । जसको कारण औपचारिक शैक्षिक संस्था गाउँदै हुनु, सरकारी रोजगारीका लागि औपचारिक शिक्षा आवश्यक हुनु औपचारिक शिक्षामा संलग्न भए पनि घरको काम खेतको काम गर्नु, विद्यालय विदाको दिन मजदुरी गरेर आफ्नो आवश्यक खर्च मान्न सक्नु विद्यालय तहसम्म औपचारिक शिक्षामा तह अनुसार मूल्याङ्कन हुनु, सोही अनुसारको प्रमाण पत्र पाइनु आदि कारणले यस समुदायमा शिक्षामा संलग्न छन् ।

थारु महिलाहरू अनौपचारिक शिक्षामा पनि त्यतिकै सहभागिता रहेको पाइन्छ । पुरानो पिढीका महिलाहरूले अनौपचारिक शिक्षामा बढी संलग्नता भएको पाइन्छ जसमा महिलाको संख्या ९ जना रहेको पाइयो ।

जस्तैः ३० वर्षीया वसन्ती चौधरीका अनुसार उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । वसन्तीले सानो छँदा भाइबहिनीलाई हेर्ने गरेको र सानै उमेरमा विवाह भएकाले पटक पटक विद्यालय जाने इच्छा जाहेर गर्दा पनि बुबाले धनी र हुने खानेले पढ्छन् गरिबले कसरी पढ्ने । विहान बेलुकाले गुजारा गर्ने भन्ने सोच भएका कारण पढाइबाट बञ्चित हुनु परेको कुरा बताइन । पछि प्रौढ शिक्षा पढेर भए पनि अलिकति साक्षर हुने मौका पाए भनिन । अध्ययनमा महिलाहरूको कुराकानीबाट के प्रस्ट हुन्छ भने शिक्षा आर्जनसँग सामाजिक वर्गका पनि अन्तर सम्बन्ध हुन्छ भन्ने कुरा महिलाहरूबाट स्पष्ट धारणा बुझियो ।

त्यस्तै अचेल नयाँ पिढीको छात्राहरू सबैले औपचारिक शिक्षा लिइरहेका छन् । त्यस मध्यकी २० वर्षीय सीता चौधरीका अनुसार गाउँथे शैक्षिक संस्था भएको र रोजगारीका लागि पनि औपचारिक शिक्षाको आवश्यकता हुने कुरा बताइन् आफु औपचारिक शिक्षामा संलग्न भए पनि घरको काम, खेतको काम गर्ने र छुहीको दिन मजदुरी गरेर आफ्नो आवश्यक खर्च निकाल्ने कुरा बताइन । उनले विद्यालय तहसम्म औपचारिक शिक्षामा तह अनुसार मूल्याङ्कन गर्ने र सोही अनुसारको प्रमाण पत्र पाइने भएकाले आफु औपचारिक शिक्षामा संलग्न भएको कुरा बताइन ।

## ५.३ उत्तरदाता महिलाको साक्षरताको स्थिति

नमुना चयन भएका ४० परिवारबाट छनोट हुन आएका सम्पूर्ण उत्तरदाताहरू महिला नै रहेका छन् । थारु महिलाहरूको परिवारको शैक्षिक अवस्थाको बारेमा माथि नै चर्चा गर्ने क्रममा थारु महिलाको साक्षरताको स्थिति निम्नानुसार रहेको छ ।

**तालिका नं. १२**

**छनोट भएका महिलाहरूको साक्षरताको स्थिति**

| क.सं. | शैक्षिक अवस्था | संख्या |
|---|---|---|
| १ | लेखपढ गर्न सक्ने | २६ |
| २ | लेखपढ गर्न नसक्ने | १४ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

यस समुदायमा महिला शिक्षा बढ्नुमा अभिभावकहरूले शिक्षाको महत्व बुझेर छोरीले शिक्षा लिई भने आत्म निर्भर बन्न सक्छे । हिसाव किताब राख्न सक्ने भई व्यापार व्यवसाय गर्न सकिन्छ भनेर शिक्षामा सहभागी गराउन थालेको देखिन्छ । अध्ययन क्षेत्रमा हाल यहाँ नजिकै शैक्षिक संस्था भएकाले पढाउँदा टाढा पढाउनु पर्दैन भनेर पनि कति अभिभावकले छोरीलाई विद्यालय पठाएको पाइयो । सरकारी विद्यालयमा छोरीहरूलाई निःशुल्क शिक्षा दिने व्यवस्थाले गर्दा पनि छोरीको शिक्षामा संलग्नता बढेको पाइयो । यहाँ विभिन्न संघ संस्थाले पनि महिला शिक्षामा लगानी गरेकाले महिला शिक्षामा सुधार भएको अध्ययन क्षेत्रमा पाइयो ।

## ५.४ अध्ययनरत तथा अध्ययन पुरा गर्ने महिलाको विवरण

अध्ययनमा संलग्न थारु महिलाहरूको शिक्षा बराबर छैन । त्यसैले अध्ययनरत तथा अध्ययन गरी छाडेका तहको आधारमा थारु महिलाको शैक्षिक विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. १३**

**अध्ययनरत तथा अध्ययन पुरा गरी छाडेको तहका आधारमा थारु महिलाको विवरण**

| क.सं. | शैक्षिक अवस्था | साक्षर | कक्षा | | | | | | प्रमाण पत्र | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | ४ | ६ | ८ | ९ | १० | | | |
| १ | अध्ययन पुरा गरी छाड्ने | ८ | ४ | ३ | ३ | २ | १ | २ | १ | – | १६ |
| २ | अध्ययनरत | | ४ | २ | ४ | ६ | ३ | ३ | ४ | १ | २७ |
| | जम्मा | ८ | ८ | ५ | ७ | ८ | ४ | ५ | ५ | १ | ५१ |

स्रोतः स्थलगत अध्ययन, २०७३

अध्ययनमा संलग्न थारु महिलाहरू मध्ये साधारण लेखपढ गर्न जान्ने ८ जना अनौपचारिक शिक्षा प्राप्त गरेका छन् भने अध्ययन पुरा गरी छाड्ने महिला १६ जना छन् । प्रमाण पत्र तह पढी छाड्ने १ जना, १० कक्षा पढी छाड्ने २ जना, ९ कक्षामा १ जना र ८ कक्षामा २ जना रहेका छन् । अध्ययनरतमा २७ जना छन् जसमध्ये सबैभन्दा बढी विद्यार्थी ४, ६ कक्षामा छन् र स्नातकमा १ जना र प्रमाण पत्र तहमा अध्ययनरत विद्यार्थी ४ जना छन् । स्नातक पढी छाड्ने महिला १ जना पनि रहेका छैनन् ।

## ५.५ थारु जातिको लिङ्गको आधारमा शैक्षिक अवस्था

यस अनुसन्धान क्षेत्रमा शिक्षामा लैङ्गिक भिन्नता के कस्तो छ भन्ने बारेमा पुरुष र महिला बिचको शैक्षिक अवस्थाको अध्ययन गरी सो भिन्नतालाई तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**थारु जातिको लिङ्गको आधारमा शैक्षिक अवस्था**

| पढाइको स्तर | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ६० | ५४.०५ | ३० | ३०.३० | ९० | ४२.८५ |
| साक्षर | ५१ | ४५.९४ | ६९ | ६९.६९ | १२० | ५७.१४ |
| अनौपचारिक | ८ | १५.६८ | ४ | ५.७९ | १२ | ५.७१ |
| प्रा.वि. | २० | १८.०१ | २० | २८.९८ | ४० | १९.०४ |
| नि.मा.वि. | १२ | १०.८१ | १८ | १८.१८ | ३० | १४.२८ |
| मा.वि. | ८ | ७.२० | १० | १०.१० | १८ | ८.५७ |
| उ.मा.वि. | १ | ०.९० | ९ | ९.०९ | १० | ४.७६ |
| स्नातक | १ | ०.९० | ५ | ४.०५ | ६ | २.८५ |
| स्नातकोत्तर | १ | ०.९० | ३ | ३.०३ | ४ | १.९० |
| जम्मा | १११ | १०० | ९९ | १०० | २१० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १४ मा देखाइएको तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका आधारमा उच्च मा.वि. मा व्यापक रूपमा लिङ्ग विभेद रहेको पाइयो । उक्त तालिकामा निरक्षर संख्या ५४.०५ प्रतिशत रहेको छ भने पुरुषको निरक्षर संख्या ४२.८५ प्रतिशत रहेको पाइयो । त्यस्तै गरी महिलाहरूको शैक्षिक स्तर र तह बढ्दै जाँदा सहभागिता घट्दै गएको अध्ययनबाट देखाइएको छ किनभने स्नातकोत्तर तहमा महिला १ जना हुँदा पुरुष ३ जना रहेको पाइयो । यसरी शैक्षिक स्तरमा महिला र पुरुष बीच विभेद रहेको अध्ययनबाट स्पष्ट भएको छ ।

## ५.६ थारु जातिको उमेरको आधारमा शैक्षिक अवस्था

यस अनुसन्धान क्षेत्रमा उमेरगत आधारमा शैक्षिक अवस्था कस्तो छ भन्ने बारेमा त्यस क्षेत्रका महिलाको शैक्षिक अवस्थाको अध्ययन गरी त्यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १५

### उमेरगत आधारमा शैक्षिक अवस्थाको विवरण

| उमेर | संख्या | प्रतिशत | कक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ५-१० | १७ | १४.३१ | १-५ | १८ | १६.२१ |
| ११-१३ | १३ | ११.७१ | ६-८ | १३ | ११.७१ |
| १४-१७ | ७ | ६.३० | ९-१० | ५ | ४.५० |
| १८-२१ | ४ | ३.६० | १०-१२ | ४ | ३.६० |
| २१ + | २ | १.८० | १२+ | ३ | १.८० |
| जम्मा | ४३ | | | ४३ | |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १५ मा देखाइएको तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका आधारमा ५ वर्षदेखि १० वर्षसम्मका बच्चाहरू १७ जना पाइयो र १५.३१ प्रतिशत पाइयो । त्यसैगरी सबैभन्दा कम २१ वर्ष भन्दा माथिको जनसंख्या २ जना अर्थात् १.८० प्रतिशत रहेको पाइयो । त्यसैगरी कक्षाको आधारको अध्ययनबाट पनि १-५ कक्षासम्मका १८ जना अर्थात १६.२१ प्रतिशत पाइयो । कक्षा ६-८ सम्म १३ जना अर्थात् ११.७१ प्रतिशत पाइयो । त्यसैगरी सबैभन्दा कम १२ भन्दा माथि पढ्ने कम हुनुको कारण बीचैमा पढाई छाडेका कारणले उच्च शिक्षासम्म पुग्दा कम सहभागिता पाइयो ।

## ५.७ अध्ययन क्षेत्रका विद्यालयको प्रकार

परिवार समाज र स्वयम् व्यक्तिगत क्रियाकलाप शिक्षाले प्रभाव पार्दछ । यसैले श्रीगाउँ गा.वि.स. का उत्तरदाताको परिवारमा पनि अभिभावककै सचेतना र अज्ञानताले गर्दा पारेको प्रभाव के, कस्तो छ र अभिभावकले बालबालिकाको भविष्यप्रति कतिको चासो गर्दछन् वा गर्दैनन् बालबालिकामा लैङ्गिक विभेद कस्तो छ भन्ने विषयमा तलको तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**

**उत्तरदाताको परिवारमा विद्यालय जाने बालबालिकाको विवरण**

| विद्यालय जाने बालबालिका | छोरी संख्या | छोरा संख्या | जम्मा संख्या |
|---|---|---|---|
| सामुदायिक विद्यालय गएका | २ | ६ | ८ |
| निजी विद्यालय गइरहेका | १२ | १७ | २९ |
| विद्यालय बिचैमा छाडेका | ३ | – | ३ |
| जम्मा | १७ | २३ | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथि तालिका नं. १६ का अनुसार अध्ययन क्षेत्रका शैक्षिक गतिविधि सम्बन्धी धारणा छोराछोरीलाई कस्तो प्रकारको शैक्षिक संस्थामा पठाउने गरिएको छ भन्ने कुरालाई अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रका अभिभावकले आफ्ना छोराछोरीलाई सरकारी र निजी विद्यालयमा भर्ना गरेका आधारमा नै अनुमान गर्न सकिन्छ की उनीहरू बिचमा लैङ्गिक विभेद कस्तो छ भन्ने कुरा उनीहरूमध्ये १७ छोरालाई निजी विद्यालयमा पढाएका र १२ छोरी मात्र निजी विद्यालयमा छोरीले पढेको हुँदा लैङ्गिक विभेदको स्पष्ट उदाहरण पछि पुष्टि हुन्छ । यस कारण अझै पनि छोरीको तुलनामा छोराहरू नै निजी विद्यालयमा पढाइनुमा महिला भएकै कारण गुणस्तरीय शिक्षाबाट बञ्चित भएको अध्ययनबाट पाइएको छ ।

त्यस्तै गरी सरकारी विद्यालयमा छोराको तुलनामा छोरीको संलग्नता बढी पाउनु निजी र सरकारी विद्यालयको शिक्षामा महिला र पुरुषको संलग्नतामा पनि भिन्नता आउने वर्तमान नेपालको मुख्य समस्या भएको कुरा सानो क्षेत्रमा गरिएको यस अध्ययनले पनि प्रस्ट पारेको छ किनभने महिलाहरूको परम्परागत पुरुषवादी नेपाली सामाजिक चिन्तन र संस्कार एवं नीति निर्माण गर्ने निकायमा महिलाको पहुँच नपुऱ्याई पुरुष केन्द्रित नीति नियमका कारण आजको समय सम्म पनि महिलाले यहि अनुसारको शिक्षामा संलग्न हुने परिवेश नपाए पनि छात्रछात्रामा विभेद भएको स्पष्ट देखिएको छ ।

## ५.८ शिक्षामा महिला सहभागिता बढाउने धारणा

अध्ययन क्षेत्रमा शिक्षामा महिला संख्या बढाउनको लागि के कस्ता व्यवस्था गरिएको छ भन्ने बारेमा अध्ययन गरी त्यसलाई तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ।

**तालिका नं. १७**

**शिक्षामा महिला संख्या बढाउने प्रतिको विवरण**

| संख्या बढाउने कार्य | संख्या | प्रतिशत |
|---|---|---|
| अनिवार्य र निःशुल्क शिक्षाद्वारा | ३० | ७५ |
| विशेष शिक्षाद्वारा | १० | २५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार महिलालाई कसरी शिक्षित तुल्याउन सकिएला भनी कुल ४० जना उत्तरदातालाई सोध्दा तिनीहरू मध्ये अनिवार्य र निःशुल्क शिक्षाद्वारा भन्नेमा ३० जना र विशेष शिक्षाद्वारा भन्नेमा १० जना उत्तरदाता भेटियो।

समग्रमा भन्नुपर्दा महिलालाई कसरी शिक्षित तुल्याउन सकिएला भनि सोधिएका कुल ४० जना उत्तरदाताबाट पाइएको उत्तर अनिवार्य र निःशुल्क शिक्षाद्वारा भन्नेमा अधिक उत्तर आएकोले शिक्षामा महिला संख्या बढाउन अनिवार्य र निःशुल्क शिक्षाको राम्रो व्यवस्था भएमा शिक्षित संख्या बढ्ने विचार उत्तरदाताहरूबाट पाइयो।

महिलाहरूलाई शिक्षित गराउन थारु महिलाहरूको लागि समाजमा अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गर्न सके समाजमा महिलाहरू बढी शिक्षित हुन सक्ने अवस्था सृजना हुने थियो। समाजमा पढ्न चाहेर पनि पढ्न नसक्ने महिलाहरू प्रशस्तै भेटिन्छन्। जसको लागि अनिवार्य र निःशुल्क शिक्षा लागु गर्न सकेमा उनीहरूको शिक्षित दरमा वृद्धि हुने कुरा उनीहरूसँग गरेको विचार विमर्शबाट बुझ्न सकिन्छ। त्यसैले थारु महिलाहरूको लागि अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्थाका सबै शिक्षा र छात्रावासको पनि व्यवस्था गर्न सकेमा क्याम्पस पढ्ने महिलाको संख्या बढ्न सक्ने उनीहरूको धारणा छ। विशेष शिक्षा जसले महिलाको लागि मात्र उनीहरूको शिक्षामा पहुँच बढाउनको लागि महिलाहरूको शिक्षा, स्वास्थ्य र राम्रो रोजगारीको व्यवस्था समेत गरी महिलालाई पढाइको

अवसर मिलाइ पढ्न सक्ने वातावरण मिलाउने कार्य गरेमा महिलाको शिक्षाको पहुँच बढ्न सक्छ ।

## ५.९ महिला शिक्षाप्रति थारु समुदायको सामाजिक धारणा

थारु समुदायमा महिला शिक्षा सम्बन्धी धारणाका बारेमा बुझ्न खोज्दा छोराछोरी दुवैलाई समान रूपमा शिक्षा दिनु पर्छ भन्ने धारणा २० प्रतिशत व्यक्तिबाट व्यक्त भएको पाइयो । नगन्य रूपमा मात्रै छोरीलाई भन्दा छोरालाई राम्रो शिक्षा दिनु पर्छ भन्ने भावना थारु समुदायमा रहेको पाइयो । अध्ययन क्षेत्रका थारु महिलाहरूले हामी परम्परागत सोचको कारणले शिक्षा प्राप्त गर्न नसकेको र अबको नयाँ पिँढीले अनिवार्य रूपमा सबैले शिक्षा प्राप्त गर्नु राम्रो कुरा हो भन्ने धारणा व्यक्त गरेका छन् ।

अनुसन्धानको क्रममा महिला शिक्षा प्रतिको थारु समुदायको धारणा बुझ्नका निम्ति के तपाईको विचारमा महिलाले पढ्नु आवश्यक छ भन्ने प्रश्न सोधिएको थियो उक्त प्रश्नको उत्तर दिने महिलाहरूले महिलाले पढ्न आवश्यक भएको बताएका छन् ।

महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने प्रश्नमा थारु महिलाहरूले जागिर खान, आत्मनिर्भर बन्न, परिवार शिक्षित पार्न, ज्ञान आर्जन गर्न, आत्मविश्वास बढाउन, बच्चाको उज्वल भविष्यको निमित्त, हिसाव किताब राख्न सक्ने भई कुनै पनि व्यवसाय गर्न सक्षम हुनु कोहीबाट नठगिनु जस्ता कारण दिएका थिए । धेरै जसोले आत्मनिर्भर बन्न र जागिर खान भन्ने कारण व्यक्त गरे ।

अनुसन्धानका क्रममा महिलाले किन पढ्नुपर्छ ? भन्ने प्रश्न थारु महिलाको सामु राखिएको थियो । जसका सम्बन्धमा थारु महिलाको धारणा यस्तो रहेको छ ।

**तालिका नं. १८**

**महिलाले किन पढ्नु पर्छ भन्ने सम्बन्धमा थारु महिलाको धारणा**

| क्र.सं. | महिलाले पढ्नु पर्नाको कारणहरू | संख्या |
|---|---|---|
| १ | आत्मनिर्भर बन्न | १० |
| २ | जागिर खान | ७ |
| ३ | परिवार शिक्षित बनाउन | ५ |
| ४ | माथिका सबै | १६ |
| ५ | जान्ने बुझ्ने हुन | १ |
| ६ | आत्म विश्वास बढाउन (अन्य) | १ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १८ अनुसार १० जना थारु महिलाले आत्मनिर्भर बन्नको निम्ति महिलाले पढ्ने धारणा राखेका छन् भने ७ जना जागिर खानका लागि महिलाले पढ्नु पर्ने धारणा राखेका छन् । त्यसै गरी ५ जना परिवार शिक्षित बनाउन महिलाले पढ्नु पर्ने धारणा राखेका छन् । महिलाले पढ्नु माथिका सबै कारणको निमित्त आवश्यक भएका १६ जना अर्थात ४० प्रतिशत धारणा रहेका छन् भने जान्ने बुझ्ने हुन पढ्नु पर्ने र आत्मविश्वास बढाउन पढ्नु पर्ने धारणा १/१ जना थारु महिलाले राखेका छन् ।

जस्तै २२ वर्षिया सीता चौधरीले महिलाहरूले आत्मनिर्भर बन्नका लागि पढ्नु पर्छ भन्ने बताइन जसको कारणमा उनले महिलाले शिक्षा लिइन भने आत्मनिर्भर बन्ने अरुको भर पर्न नपर्ने र एउटी महिला शिक्षित भयो भने परिवारलाई नै शिषित पार्न सकिन्छ । केहि काम निर्धकसँग गर्न र कोहीसँग आत्मविश्वासका साथ व्यवहार गर्ने महिलाले पढ्नु पर्छ भन्ने कुरा बताइन् । आजको शिक्षाको युगमा शिक्षाले समाजमा परिवर्तनको साथै मानिसलाई पनि यसले जिवन शैली र सबैका परिवर्तन ल्याएको छ । महिलाहरूले पढ्नु पर्छ भन्ने सामाजिक धारणा पनि शिक्षा र चेतनाको कारणले विकसित भएको हो । शिक्षाले मानिसलाई पेशा दिन्छ, पेशाले पैसा र पैसाले अन्य आवश्यकता पुरा गर्छ । त्यसैले आजको युगमा शिक्षाले सबै काम गर्दा सहयोग गर्ने भएकाले मानिसको शिक्षा प्रतिको धारणा बढेर आएको अध्ययनबाट पाइयो ।

## ५.१० शिक्षामा समान अवसर सुविधा दिने नदिने आधारमा थारु महिलाको विवरण

कुनै पनि समुदाय समाजमा रहेका हरेक मानिसहरूलाई अवसर र सुविधा एउटै हुनु पर्छ । अध्ययन क्षेत्रका महिलाहरूलाई अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा तलका तालिकाबाट प्रस्ट पारिएको छ अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने तलका तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. १९**

**शिक्षामा समान अवसर सुविधा दिने नदिने आधारमा थारु महिलाको विवरण**

| सूचक | अवसर | सुविधा |
|---|---|---|
| बराबर | ३६ | ३६ |
| महिलालाई बढी | – | – |
| पुरुषलाई बढी | ४ | ४ |
| जम्मा | ४० | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १९ अनुसार ३६ महिलाहरूले महिला र पुरुषलाई समान अवसर र सुविधा दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नु पर्दछ । ४ जना महिलाहरूले पुरुषलाई अवसर र सुविधा बढी दिनु पर्ने धारणा राखेका छन् । बराबर हुनुपर्दछ भन्ने ३६ जना महिलाहरू अहिलेको समयमा छोराछोरीलाई विभेद गर्नु हुँदैन । छोरा र छोरीमा केही फरक छैन । छोराछोरी बराबर हो । त्यसैले उनीहरूलाई समान अवसर र सुविधा पाउनु पर्छ भन्ने धारणा राखेका छन् । पुरुषलाई बढी अवसर र सुविधा दिनुपर्छ भन्ने महिलाहरूले छोरी विवाह गरेर अर्काको घरमा जाने र छोराले आमाबाबुलाई पाल्ने हुँदा छोरालाई नै बढी अवसर र सुविधा दिनु पर्दछ भन्ने धारणा राखेको अध्ययन क्षेत्रको महिलाहरूलाई पाइयो ।

### ५.१०.१ महिलालाई पुरुष सरह अधिकारको आवश्यकता

महिलालाई पनि पुरुष सरह अधिकारी दिनु पर्दछ । विभिन्न सेवा सुविधा जसमा निःशुल्क शिक्षा, विभिन्न छात्रवृत्ति र सेवा सुविधा दिएर महिललाई पुरुष सरह अधिकार सम्पन्न गर्नुपर्दछ ।

समग्रमा भन्दा महिलालाई पनि पुरुषलाई जतिकै बलियो बनाउनका लागि पुरुष सरह समान अवसर पाउनु पर्दछ । अवसर पाएमा पुरुष सरह अगाडि बढ्न सकिन्छ भन्ने धारणा उनीहरूमा प्रबल रूपमा देखिन्छ । पुरुष सरह महिलाहरू पनि अवसरबाट बञ्चित नभएमा महिला पनि अगाडि बढ्न सक्छन् । आज अवसर पाएका महिलाहरू वकिल, अफिसर, डाक्टर, इन्जिनियर, नर्स बनेका छन् । त्यसैले महिलालाई पनि अवसरको आवश्यकता भएको पाइयो । शिक्षित परिवारले छोरा छोरीलाई समान शिक्षा दिएका छन् । त्यसैले आज समाजमा पुरुष सरह महिलाहरूलाई पनि अधिकारको खाचो छ । अधिकार पाएमा पुरुष सरह महिलाहरू पनि उत्तिकै काम गर्न सक्ने धारणा उत्तरदातामा रहेको देखियो ।

### ५.१०.२ महिलाको जीवनमा शिक्षाको परिवर्तन सम्बन्धी विवरण

शिक्षाले तपाईको जीवनमा सुधार ल्याएको ठान्नु हुन्छ भन्ने सम्बन्धमा प्रश्न सोध्दा उत्तरदाताबाट सकारात्मक उत्तर पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २०**

**महिलाको जीवनमा शिक्षाले ल्याएको सुधार**

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | ल्याएको छ | ३० |
| २ | ल्याएको छैन | १० |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. २० अनुसार अध्ययन गर्ने क्रममा शिक्षाले तपाई आफ्नो जीवन सुधार ल्याएको छ भनी ४० जनालाई सोध्दा ३० जनाले ल्याएको भन्ने उत्तरदाता रहेको पाइयो । थारु समाजमा शिक्षाले सुधार ल्याएको मान्छु भन्नेको संख्या अधिक रहेको पाइयो ।

यसर्थ समग्रमा के भन्न सकिन्छ भने पढे लेखेका थारु महिलाहरूमा शिक्षाले उनको जीवनमा सुधार ल्याएको कुरा बताए । उनीहरू आफै निर्णय गर्ने र भविष्यको बारेमा सोच्न सक्षम बन्दै गएका छन् । यसकारण विशेष शिक्षाको व्यवस्था गरेर भए पनि उनीहरूलाई शिक्षा दिलाउन आवश्यक छ । शिक्षाले महिलाको जीवन शैलीमा परिवर्तन ल्याएको पाइयो ।

जसमा महिलाहरू शिक्षित भएर रोजगारी गरी परिवारको रेखदेख देखि लिएर सक्षम भएको पनि पाइयो । शिक्षाले समाजमा भएको अन्धविश्वास र कुरीतिलाई हटाएर आधुनिक समाजको निर्माण गर्न सक्ने कुरा उत्तरदाताबाट पाइयो ।

### ५.१०.३ महिलालाई रोजगारीका आवश्यकता सम्बन्धी विवरण

महिलालाई रोजगारी आवश्यक पर्छ की पर्दैन भनेर कुल ४० जना उत्तरदातासँग प्रश्न राख्ने क्रममा रोजगार आवश्यक पर्दैन भन्नेमा १ जना पनि उत्तरदाता नरहेको र महिलाको लागि रोजगार आवश्यक पर्छ भन्नेमा शतप्रतिशत उत्तरदाताको एउटै उत्तर आयो ।

समग्रमा भन्दा महिलाको लागि रोजगारी आवश्यक पर्छ भन्नेमा सबैको उत्तर पाइयो । एउटा घरपरिवारमा महिला रोजगार भएमा त्यस घरको राम्रो वातावरण सृजना हुने र आर्थिक अभाव परिपूर्ति हुने भएको कारणले गर्दा महिलालाई रोजगारीको आवश्यकता पर्छ भन्ने महसुस गरेको भेटियो । महिला रोजगार भएमा घरपरिवार चलाउन सजिलो हुने, छोराछोरीलाई पढाउन मद्दत मिल्ने, बेरोजगार महिलाको तुलनामा आर्थिक वृद्धि हुनेछ । रोजगार प्राप्त महिलाको आत्मविश्वास स्वतः बढ्दै जाने आवश्यक पर्ने खर्च खर्च गर्न सजिलो हुने, घरमा दुवै रोजगार भएमा एक जनाको खर्च बचत हुने, भविष्यमा छोराछोरीलाई इच्छा अनुसारको पढाई लेखाइ गराउन सकिने र बचत पनि हुने । आजको बचतले भोली ठुला समस्या समाधान हुने जस्ता विचार थारु महिलामा रहेको पाइयो । भोली आफ्ना सन्तानलाई राम्रो शिक्षादिक्षाको लागि खर्च जुटाउन गाह्रो नपर्ने र आजको वचतले भोलीको ठूलो समस्या समाधान गर्न सकिने कुरा उत्तरदाताबाट पाइयो ।

### ५.१०.४ शिक्षित महिला र अशिक्षित महिलाको फरक

शिक्षित र अशिक्षित बीचको फरक भन्नुपर्दा शिक्षित व्यक्तिले समाजमा सबै प्रति राम्रो व्यवहार गरेर विभिन्न उत्पादनमूलक पेशामा संलग्न रहेका हुन्छन् । यी मानिस समझदार र कुरा बुझ्ने खालका हुन्छन् भने अशिक्षित व्यक्ति ठिक उल्टो हुन्छन् ।

समग्रमा भन्नुपर्दा शिक्षित व्यक्ति र अशिक्षित व्यक्ति बिच भिन्नता छन् । जस्तै शिषित व्यक्तिहरू समाजमा मिलेर बस्छन् भनेका कुरा चाँडै विश्वास गर्छन् र आत्म निर्भरतामा विश्वास गर्दछन् तर अशिक्षित व्यक्तिहरू त्यसको ठिक उल्टो परिस्थितिलाई आत्मसाथ गर्दछन् । यो नै शिक्षित र अशिक्षित बीचको अन्तर हो ।

समग्रमा भन्नुपर्दा समाजमा शिक्षित व्यक्ति र अशिक्षित व्यक्ति बिच भिन्नता पाइयो । शिक्षितले समाजमा मिलेर बस्न आवश्यक कुरा बुझ्न र आत्मनिर्भर बन्न सहयोग पुऱ्याउँछ भन्ने उनीहरूको विचार रहेको पाइयो ।

## ५.११ शिक्षाले आत्म विश्वास बढाउने धारणाको विवरण

शिक्षाले आत्म विश्वास बढाएको मान्नु हुन्छ भनी सोधिएको प्रश्नको जवाफ दिने क्रममा शिक्षाले महिलाको आत्म विश्वास बढाएको मान्छु भन्नेमा कुल ४० जना मध्ये सतप्रतिशत उत्तर मान्छु भन्नेमा पाइयो ।

सग्रमा भन्नुपर्दा शिक्षाले महिलाको आत्म विश्वास बढाएको पाइयो । उनीहरूमा शिक्षाले गर्दा नै आज शिक्षित प्रतिशत बढ्दै गएको उत्तरदाताहरूको भनाई भेटियो । उत्तरदाताहरूको भनाइ अनुसार अझ राम्रो व्यवस्था भएमा शिक्षित प्रतिशत सुधार आउने कुरा देखिन्छ ।

## ५.१२ थारु परिवारमा छोरीलाई स्कुल नपठाउनुको कारण

थारु परिवारमा छोरीलाई विद्यालय किन पठाइदैन भनी सोध्दा उत्तरदाताहरूले दिएको उत्तर निम्न तालिका अनुसार छ । थारुहरुको परम्परागत अन्धविश्वास सोचका कारणले गर्दा छोरीलाई पढ्न नपठाइएको पाइएको छ ।

**तालिका नं. २१**

**छोरीहरूको स्कुलमा न्यून सहभागिता**

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | परम्परागत विचार | ३० |
| २ | अशिक्षा | ५ |
| ३ | गरिबी | ५ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार प्रश्न गर्दा अभिभावकहरूले छोरीलाई स्कुल नपठाउनुको कारण परम्परागत विचार ठान्नेमा ३० जना अशिक्षाको कारण छोरीलाई स्कुल नपठाएको

भन्नेमा ५ जना र गरिबीको कारणले गर्दा छोरीलाई पढ्न नपठाएको हो भन्नेमा ५ जना उत्तरदाता पाइयो ।

समग्रमा भन्नुपर्दा अभिभावकहरूले छोरीलाई स्कुल नपठाउनुका कारण परम्परागत विचार, अशिक्षा, गरिबी र छोरीहरूलाई पढाएर के काम उनीहरू अर्काको घर जाने जात हो भन्ने धारणा भएको पाइयो ।

## ५.१३ अध्ययन क्षेत्रका महिलाले पढाइ छाड्नुको कारणहरू

कुनै पनि व्यक्तिको शिक्षालाई कस्तो गराउने भन्ने उक्त व्यक्ति रहेको समाजको वातावरणले पनि निर्धारण गर्दछ । समाजका व्यक्तिहरू परम्परागत मूल्यमान्यतामा विश्वास गर्ने खालका छन् भने उनीहरूले आफ्नो समाजमा त्यहि अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रका महिलाहरूले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेको देखिदैन जसको कारणलाई तालिका नं. २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२**

**पढाइ छोड्नु पर्ने कारणहरू**

| कारणहरू | संख्या |
|---|---|
| आर्थिक अवस्था कमजोर | २२ |
| असफल भएर | १० |
| परिवारले नपढाएर | ८ |
| जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार सबैभन्दा बढी पढाई छाड्नु पर्ने मुख्य कारण सानै उमेरमा विवाह गर्ने चलनले र विवाह पछाडि बुहारी हुँदैन भन्ने सामाजिक मान्यताले गर्दा बिचमा विद्यालय छाडेको पाइयो । त्यसै गरी पटक पटक फेल भएर पनि बिचैमा पढाई छडेको संख्या १० जना पाइयो । त्यस्तै गरी आर्थिक अवस्था कमजोर भएको कारणले विद्यालय छाडेको संख्या २२ जना पाइयो । त्यसै गरी परिवारले नपढाएका ३ जना पाइयो भने विद्यालय टाढा भएको कारणले गर्दा २ जना संख्या अध्ययनको क्रममा पाइयो ।

अध्ययन क्षेत्रका महिलाहरूले पढाइ छाड्नु पर्ने कारणहरू तल विस्तुत रूपमा वर्णन गरिएको छ ।

(क) **आर्थिक अवस्था कमजोर**

कुनै पनि उद्देश्य हासिल गर्नका लागि आर्थिक पक्षको ठूलो आवश्यकता रहेको हुन्छ । शिक्षा हासिल गर्नका लागि विद्यार्थीको बौद्धिक पक्षको साथसाथै आर्थिक पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक अवस्था नभएसम्म पढाइलाई अगाडि बढाउन सकिदैन । अध्ययनको क्रममा एक जना उत्तरदातासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

२० वर्षे सविता चौधरीले २०६९ सालमा एस.एल.सी. द्वितीय श्रेणीमा पास गरेकी बताउँछिन् । उनको बुबा आमा ज्याला मजदुरी गरेर घरव्यवहार चलाइरहेका छन् भनि बताउँछिन् । उनको २ वटा दिदीहरूको सानै उमेरमा विवाह भएको बताउँछिन् । उनको भाइले २०७१ सालमा द्वितीय श्रेणीमा एस.एल.सी. पास गरेको र अहिले ऊ श्री सरस्वती उच्च मा.वि. गेटा कक्षा १२ मा अध्ययनरत रहेको बताइन । बुबा आमाको मासिक कमाइले भाइ आफ्नो र बहिनीहरूको फिस तिर्न घर व्यवहार चलाउन कठिन पर्न गएकोले मैले आफ्नो पढाइलाई निरन्तरता दिन सकिन त्यसैले पढाइ छाडेको भनेर बताइन ।

यस अध्ययनलाई हेर्दा छोरीलाई पढाउन भन्दा छोरालाई पढाउनमा अग्रसर भएको पाइयो । छोरीलाई शिक्षामा छोराको भन्दा कम महत्व दिएको हुन सक्छ । छोरा र छोरी बिचको लैङ्गिक विभेदले गर्दा पनि यस्तो भएको हुन सक्छ परिवारमा आर्थिक तत्वको कारणले पनि छोराछोरीको शिक्षाको लैङ्गिक विभेद गर्ने उल्लेख्य भूमिका खेलेको हुन्छ ।

(ख) **पढाइमा असफलता**

आफ्नो पढाइलाई निरन्तरता दिन नसकेका महिलाहरूसँग अध्ययनका क्रममा अनुसन्धानकर्ताले उत्तरदाता महिलालाई किन पढाई छोड्नु भयो भन्दा बारम्बार परीक्षामा फेल भएको कुरालाई बताए । उनीहरूमध्ये एक जनासँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

२० वर्षिय राधा चौधरीले श्री सिद्ध पृथ्वी उ.मा.वि.बाट २०६८ सालमा कक्षा १० को टेस्ट पास गरेको बताइन । त्यसपछि ३ पटकसम्म एस.एल.सी. पनि दिएको तर पनि ३ पटकसम्म फेल हुँदा आफुसँग पढेका साथीहरू उच्च शिक्षा हासिल गरी सक्दा पनि उनी एस.एल.सी. दिएर नै बसिन । ३ पटकसम्म सफल नहुँदा उनलाई लाज लाग्यो र अभिभावकले पनि गाली गर्दा पढाइ छाडेको बताइन । घरमा कहिलै पढ्ने समय नभएको र स्कुलको भरमा परीक्षा दिनु पर्थ्यो । घरमा बुबा आमालाई सघाउनु पर्ने र घरमा खाली समय नभएर जसका कारण यसमा पढ्न लेख्न नपाउने बताइन ।

माथि गरिएको कुराकानीबाट अध्ययन क्षेत्रका महिलाहरूको घरमा पढ्नको लागि समय नहुने र घरमा सबै खाले घरायसी कामहरू गर्नुपर्ने हुन्छ । उनीहरू स्कुलको भरमा मात्र परीक्षा दिने भएकाले परीक्षामा असपल भएको बताए । चेतनाको कमीले गर्दा अभिभावकहरूले फेल भए पनि उनीहरूलाई पढ्नु पर्छ भन्ने हौसला नदिएर उल्टै गाली गरी निरुत्साहित गरेका कारणले पढाई छाडेको पाइयो ।

### (ग) विवाह भएर

विवाह एक सामाजिक प्रक्रिया हो । अध्ययन क्षेत्रमा व्यक्तिको शिक्षामा कस्तो पहुँच रहेको छ भन्ने कुरार्ला उसको वैवाहिक स्थितिमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भूमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका महिलाहरूले छिटो विवाह भएका कारण पढाइ छोड्नु पर्ने कारणहरू व्यक्त गरेको पाइन्छ ।

### (घ) परिवारले नपढाएर

महिलाहरू शिक्षामा बञ्चित हुनुको कारण परम्परागत सामाजिक सांस्कृतिक कारण पनि रहेको पाइयो । परम्परागत सोचका कारण समाजमा रहेका मानिसहरूले छोरी विहे गरेर अर्काको घरमा जाने जात हो जति पढेपनि अर्काको घरमा जाने भनेर त्यसैले छोरीले पढ्न पर्दैन अक्षरसम्म चिन्दा हुन्छ भन्ने धारणाले नपढाएको अध्ययन क्षेत्रका क्रममा पाइयो ।

## ५.१४ विवाह पछि शिक्षामा थारु महिलाको धारणा

विवाह सामाजिक प्रक्रिया हो । समाज सञ्चालन गर्नका लागि विवाह महत्वपूर्ण पक्ष हो । महिलाहरूको वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तन समाजमा एक अर्कामा

जोडिएको भए पनि अझै पनि हाम्रो समाजमा विवाह पछाडि महिलालाई पढाउनु पर्ने, धारणामा भर्ने संकुचित नै रहेको पाइयो । विवाह पछि महिलाले पढाइलाई निरन्तरता दिनु पर्छ वा पर्दैन भन्ने सवालमा थारु महिलाहरूको अवधारणा बुझियो । जसको विवरण निम्न तालिका अनुसार देखायएको छ ।

**तालिका नं. २३**

**विवाह पछाडि महिलाले पढ्नु पर्ने/नपर्ने आधारमा थारु महिलाको विवरण**

| क.सं. | विवाह पछाडि महिलाले पढ्नु पर्ने/नपर्ने | संख्या |
|---|---|---|
| १ | अध्ययनलाई निरन्तरता दिनु पर्छ | २५ |
| २ | अध्ययनलाई निरन्तरता दिनु पर्दैन | १५ |
| | जम्मा | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. २३ अनुसार २५ थारु महिलाहरूले विवाह पछाडि पनि महिलाहरूले अध्ययनलाई निरन्तरता दिनु पर्दैन भन्ने १५ जना महिलाहरूले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनु पर्ने धारणा राखेको पाइयो ।

विवाह पछाडि किन महिलाले पढाइलाई निरन्तरता दिनुपर्दछ भन्ने सवालमा परिवार शिक्षित पार्न थालेको पढाइ पुरा गर्न सक्षम घर व्यवहार गर्न जान्ने हुन्, रोजगारी गर्न, बालबच्चाको उचित हेरचाह र शिक्षा प्रदान गर्न आदि जस्ता तर्कहरू अध्ययन क्षेत्रका महिलाहरूले सारेका छन् ।

विवाहित महिला शिक्षा प्रति सबै थारु महिला सकारात्मक छैनन् । विवाहित महिलाको शिक्षाको पक्षमा धारणा राख्ने थारुहरूको परिवारमा समेत उनीहरूको उत्तर अनुसारको व्यवहार रहेको छैन । अधिकांश विवाहित महिला शिक्षाको पक्षमा रहेपनि उनीहरू स्वयं विवाहित महिलालाई शिक्षामा सहभागी गराउन नहुने सामाजिक धारणाको सिकार भएका छन् । यसरी बुहारी प्रतिको समाजको गलत मान्यताकै कारण पनि शिक्षाको तह बढ्दै जाँदा गलत मान्यताको कारण शिक्षामा महिला सहभागिता घट्दै गएको सचेत अध्ययन क्षेत्रमा पाइयो ।

२२ वर्षीया अनिता थारु १ छोरी र १ छोराकी आमा हुन् । आर्थिक अवस्था कमजोर भएका कारण श्रीमान विदेश गएको बताउँछिन् । कक्षा ६ मा पढ्दा पढ्दै बुबाले विवाह गरि दिएको बताइन । विवाह गरेपछि स्कुल ४/५ महिना गएको बताउँदिन अनिता स्कुल गएको तर "बुहारीलाई स्कुल पठाएकोमा घरछिमेकमा नराम्रो टिका टिप्पणी गर्दा उनको सासु ससुरालाई उकास्न थालेपछि जात दिनु भएन ।" परिवारबाटै स्कुल नजाउ भने पछि आफ्नो पढाइलाई निरन्तरता दिन सकिनन् । आफ्नो छोरीलाई भने पढे सम्मको उच्च शिक्षासम्म पढाउने बताउँछिन् । उनले पढ्न नपाएकोमा धेरै दुःखी रहेको कुरा बताइन अध्ययन क्षेत्रका अझै पनि बुहारी घरको कामकाज र छोराछोरीलाई र सासु ससुरालाई पालन पोषण गर्न मात्र हुन भन्ने धारणा छ भनेर बताइन ।

अनिता थारुबाट गरिएको कुराकानीलाई हेर्दा शिक्षामा प्रभाव पार्न आर्थिक, सामाजिक, सांस्कृतिक कारणहरू पनि रहेछन् । अनुसन्धान क्षेत्रका महिलाहरूमा विवाह पछाडि पढाइलाई निरन्तरता दिन नसक्नुमा समाज नै महिला शिक्षाको बारेमा चेतना नभएको बुझिन्छ । बुहारीलाई पढाउन पर्छ भन्ने सामाजिक धारणाको विकास नभएको अवस्था अध्ययनका क्रममा पाइयो । त्यसैगरी महिला शिक्षालाई पुराना पुस्ताका मानिसले महिला भनेको खाली काम गर्ने र बच्चा जन्माउनेमा मात्र सीमितता रहने कुरा अन्तर्वार्ताबाट पाइयो ।

## ५.१५ उमेरको आधारमा थारु परिवारको सदस्यको साक्षरता स्थिति

कुनै पनि व्यक्तिलाई बदलिदो परिस्थितिमा उमेरले पढाइलाई छेक्दैन भन्ने कुराको दुईमत नभएको अवस्था रहेता पनि पहिला यो धारणालाई गलत मानिन्थ्यो । व्यक्तिको शिक्षालाई उसको उमेरगत विवरणले पनि देखाउने गर्दछ । अनुसन्धान क्षेत्रमा रहेका यस परिवारको उमेरगत रूपमा उत्तरदाताको उमेरगत तथा साक्षरताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २४**

**थारु परिवारका सदस्यहरूको साक्षरता स्थिति**

| उमेरगत | साक्षरता | | निरक्षर | | कुल | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ६-३० वर्ष | ४५ | ५० | २१ | ५ | ६६ | ५५ |
| ३१ वर्ष भन्दा माथि | ६ | १९ | ३९ | २५ | ४५ | ४४ |
| जम्मा | ५१ | ६९ | ६० | ३० | १११ | ९९ |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. २४ अनुसार छनोट भएका परिवारमा ६-३० वर्षको उमेर भित्र नै साक्षरता दर अत्याधिक रहेको देखिन्छ । उक्त उमेर समूहमा पुरुष ५० र महिला ४५ साक्षर रहेका छन् । पुरुष ५ र महिला २१ निरक्षर छन् । त्यसै गरी ३० वर्ष माथिको साक्षर जनसंख्या पुरुषमा १९ र महिला ३९ रहेका छन् । ३० वर्ष माथिको उमेर हेर्दा महिला भन्दा पुरुष बढी साक्षर छन् । ३० वर्षसम्म हेर्दा पुरुष महिला प्रायः सबै साक्षर छन् । हाल थारु समुदायमा अभिभावकले शिक्षाको महत्व बुझेका कारण छोरीलाई पनि छोरा सरह भेदभाव विना विद्यालयमा पढाउन थालेका छन् ।

## ५.१६ बुढापाका र बुद्धिजीवीसँग गरिएको कुराकानी

केही बुढापाखाहरूसँग गरिएको कुराकानीको क्रममा त्यहाँको बाल्यकालको समयमा शिक्षाको महत्व त्यति बुझेका थिएनन् स्थलगत अध्ययनको क्रममा धनीराम थारु र अशोक थारुका अनुसार समाजमा धेरै मानिस अशिक्षित र अनपढ भएकाले आफ्ना सन्तानलाई शिक्षित बनाउनु पर्छ भन्ने सोच नै थिएन, घरमा अगुवा व्यक्तिहरूमा नै जीविको पार्जनका लागि जसरी पनि काम गर्नुपर्छ पढेर केही फाइदा छैन भन्ने सोच थियो । खेतीपातीको काम गऱ्यो आफ्ना छोराछोरीलाई पनि त्यही काम सिकायो यसरी नै त्यहाँका मानिसको गुजरा हुँदै आएको थियो पढेर काम हुँदैन तर खेतीपाती गर्ने पर्छ भन्ने कुरा उहाँहरूको कुराकानीबाट पाइएको थियो ।

केही शिक्षित र व्यापारी व्यक्तिसँग गरिएको कुराकानीमा अहिले थारु समुदायले शिक्षाको महत्व बुझ्दै गएका छन् । शिक्षाले मानिसलाई गुणस्तरीय जीवनयापन गर्न र

सभ्य बनाउन सिकाउँछ । शिक्षालाई देश निर्माण तथा विकासका लागि आधार स्तम्भ मान्न सकिन्छ । शिक्षाले व्यक्तिको उन्नति र प्रगतिको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अहिलेको समाजमा राज्यबाट पनि गाउँ गाउँमा विद्यालय खुल्ला थारुहरू पनि आफ्ना छोराछोरीलाई विद्यालय पढाउन सुरु गरे भन्ने कुरा स्थलगत अध्ययनको क्रममा शिक्षित र व्यापारीबाट गरिएको कुराकानीको क्रममा पाइएको थियो ।

# cWofo– 5
# ;f/f+z / lgisif{

## ६.१ सारांश

नेपालका सबै महिलाको शैक्षिक अवस्था समान रहेको छैन । सबै क्षेत्रको शैक्षिक संस्थाको सम्बन्धमा अध्ययन पनि गरिएको छैन र गरिएका केही अध्ययनहरूमा एक त महिलाको शैक्षिक अवस्थालाई मात्र केन्द्र बिन्दु बनाएको छैन भने अर्को तर्फ प्राप्त तथ्याङ्कहरूमा पनि एक रूपता रहेको छैन । थारु समुदायको शैक्षिक, राजनीतिक, आर्थिक अवस्था अन्य वाहुन, क्षेत्री, राई, लिम्बुको भन्दा न्यून स्तरको रहेको छ । नेपाली समाजमा सैद्धान्तिक रूपमा त्यस्तै व्यवहारिक रूपमा शैक्षिक प्रणालीमा अझै परिवर्तन आउन सकेको छैन । नेपाली समाजमा केही शहरी क्षेत्र र उच्च जातिहरूमा बाहेको ग्रामीन समाजमा अझै परम्परावादी सोचबाट ग्रसित छ । आर्थिक स्थिति कमजोर भउका परिवारमा थोरै भए पनि छोरालाई नै पढाउन चाहान्छन् । छोरीले खेतीपाति र घर भित्रको काम गर्नुपर्ने भएकाले धेरै शिक्षा जरुरी छैन भन्ने धारणा पाइन्छ । विकासशील देशहरूमा सानो उमेरमा विवाह गर्भावस्था विद्यालय पहुँचको अभाव र लैङ्गिक विभेदयुक्त शिक्षण र शैक्षिक सामग्रीका कारण अझै पनि विद्यालयमा छात्रा संलग्नता कम छ ।

समाज शास्त्रीय अध्ययनलाई हेर्दा हिमाली र पहाडी क्षेत्रका जाति जनजातिका बारेमा अध्ययन धेरै भएका छन् । तीनका तुलनामा तराई क्षेत्रमा यस्ता अध्ययनहरू कमी छ । त्यसैले तराई क्षेत्रमा आदिवासी मध्ये थारु समुदायका महिला शिक्षासँग सम्बन्धित विविध पक्षहरूको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अनुसन्धानमा अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था बुझ्ने, महिला शिक्षाप्रति थारु समुदायको धारणा बुझ्ने, समुदायको अघिल्लो पुस्ता र पछिल्लो पुस्ता बीचमा शिक्षालाई हेर्ने दृष्टिकोण पत्ता लगाउने विशिष्ट उद्देश्य रहेका छन् ।

पूर्व साहित्यको समीक्षा गर्ने क्रममा शिक्षाको अवधारणा, सामाजिक लिङ्ग सम्बन्धी लेख पुस्तकका साथै सम्बन्धित अध्ययन गरिएका शैक्षिक सामग्रीको बारेमा चर्चा गरिएको छ ।

अनुसन्धानका वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा गरिएको यस अनुसन्धानको क्षेत्र श्रीगाउँ गा.वि.स. को थारु जातिको बसोबास रहेको ठाउँ हो । त्यस ठाउँमा रहेका १६० परिवार संख्या नै अनुसन्धानको समग्र हो । र्‍यान्डम विधिबाट ४० घरपरिवार नमुना छनोट भएका प्रत्येक परिवारबाट २०-३० वर्षसम्मका महिलालाई उत्तरदाताको रूपमा चयन गरिएको छ । आवश्यकता अनुसार गुणात्मक तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरी विश्लेषण गरिएको यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा ४६.४७ प्रतिशत पुरुषहरू र ४१.३६ प्रतिशत महिला विवाहित रहेका छन् भने छनोट भएका महिला तर्फ ४१.४४ प्रतिशत विवाहित ५३.१५ प्रतिशत अविवाहित र ५.४० विधवा अवस्थामा रहेका छन् । प्रति परिवार औषतमा ५.२५ रहेको परिवारमा ७७.५ प्रतिशत एकात्मक र २२.५ प्रतिशत संयुक्त परिवारहरू छन् । ८५ प्रतिशत पुरुष नेतृत्व र १५ प्रतिशत महिला नेतृत्व रहेका छन् । परिवारको प्रमुख पेशा कृषि भए पनि सो बाहेक ज्याला मजदुर, व्यापार, वैदेशिक रोजगार सरकारी जागिर आदि पेशा पनि रहेको पाइन्छ ।

यस अध्ययन क्षेत्रमा कुल साक्षरता ५८.५७ प्रतिशत रहेको छ । जहाँ पुरुष जनसंख्या ७३.११ प्रतिशत र महिला ५८.५१ प्रतिशत साक्षर रहेको देखिन्छ । एस.एल.सी. पूर्वको तहसम्म महिलाको शैक्षिक अवस्था सन्तोषजनक रहे पनि सो माथिको योग्यतामा अत्यन्तै न्यून सहभागिता रहेको छ । थारु परिवारमा २० वर्ष माथि उमेर समूहका व्यक्तिहरू अध्ययनमा सहभागिता घट्न थालेको छ भने ३५ वर्ष उमेर माथिका कोही पनि शिक्षण संस्थामा सहभागी छैनन् । यी परिवारमा ६-३० वर्ष समूहका महिलाहरू बढी साक्षर रहे पनि सो उमेर माथिका अधिक महिलाहरू निरक्षर रहेका छन् । विद्यालय तहसम्म महिला पुरुष दुवैको सहभागिता रहे पनि सो भन्दा माथिल्लो तहमा अप्रत्याशित रूपमा सहभागिता घटेको पाइन्छ ।

यहाँको समाजमा महिलाको चाडो विवाह गर्ने र विवाहित बुहारीलाई नपढाउने चलन रहेको छ । यहाँका ३७.५ प्रतिशत थारु महिलाले विवाह पछाडि महिलाले पढ्नु नपर्ने मत जाहेर गरेका छन् । पढ्न पाउनु पर्ने धारणा राख्ने महिलाहरू स्वयं विवाहको कारणले

अध्ययन छोड्न बाध्य छन् । महिलालाई विवाह पछाडि पढाउने प्रचलन नभएका कारण यहाँ उच्च शिक्षामा महिलाको सहभागिता घट्दै गएको छ ।

कमजोर आर्थिक अवस्थाका कारणले गर्दा महिलाहरू अध्ययनलाई निरन्तरता दिन नसक्ने कुरा अनुसन्धानबाट पुस्ती भएको छ । आर्थिक अभावका कारण कामको खोजी गर्नु पर्ने बाध्यता अनि काम र अध्ययनलाईसँगै अगाडि बढाउन नसकिने अवस्थाले गर्दा पनि उच्च शिक्षामा महिला सहभागिता घट्दै गएको छ ।

यहाँको समाजमा महिलाको शिक्षामा सहभागिता राम्रै भए पनि ३७.५ प्रतिशत महिलाले विवाह पछाडि पढ्नु नपर्ने धारणा रहेको छ । यहाँ ६२.५ प्रतिशत थारुको परिवारमा महिलालाई पढाउँदा विभिन्न समस्याको अनुभव गरिन्छ । थारु महिलाहरू मध्ये महिला र पुरुषलाई शिक्षामा समान अवसर र सुविधाको पक्षमा ९० प्रतिशत र पुरुषलाई बढी अवसर र सुविधा दिनु पर्ने धारणा १० प्रतिशतको रहेको छ । समानताको कुरा थारु महिलाको धारणा तर वास्तविक व्यवहारमा पूर्ण रूपमा लागु भएको देखिँदैन ।

थारु समुदायको युवा युवतीहरूमा शैक्षिक जागरण बढ्दै गएको देखिन्छ । यस समुदायमा परिवार ब्राहमण, क्षेत्री आदि रहेको जसको शिक्षाको स्तर उच्च रहेको, निजी, तथा सरकारी, विद्यालय नजिकै भएको अभिभावकले शिक्षाको महत्व बुझ्दै जानुका साथै अनिवार्य प्राथमिक शिक्षा सिमान्तकृत विद्यार्थीको लागि छात्रवृत्ति, रोजगारीको लागि साक्षरताको आवश्यकता आदिले गर्दा साक्षरता स्थिति बढ्दै गएको देखिन्छ ।

शैक्षिक संस्था नजिकै नभएर, शिक्षाको महत्व नबुझेर, बढेपनि नपढे पनि विवाह गरेर अर्काको घर गएर काम गर्नुपर्छ भन्ने धारणाको कारण पहिले साक्षरता दर कम थियो हाल यस समुदायमा अभिभावकले शिक्षाको महत्व बुझ्दै जानु, रोजगारको लागि शिक्षाको आवश्यकता पर्नु शिक्षित मानिस अशिक्षित भन्दा बाठो, जान्ने बुझ्ने हुन्छ भन्ने थाहा पाउनु छोराछोरी बीच भेदभाव कम हुनु, शैक्षिक संस्था नजिकै हुनु विद्यालय गएर पनि घरको काम गर्न ल्याउनुले गर्दा साक्षरतादर वृद्धि भएको देखिन्छ । यस समुदायमा महिलाले जागिर खान आत्म निभर बन्न, परिवार शिक्षित पार्न कोहीबाट नठगिन ज्ञान आर्जन गर्न, आत्म विश्वास बढाउन, बच्चाको उज्वल भविष्यको निमित, हिसाव किताब राख्न सक्ने भई कुनै पनि व्यवसाय गर्न सक्षम हुनका लागि पढ्न आवश्यक रहेको बताए । विवाहित महिलालाई

पढाउने चलन हुनु विवाह भए पछि घरको काम खेतीको काम गर्नु पर्ने बाध्यता, बाल बच्चा जन्माउने हुर्काउनु पर्ने कारण यस समुदायमा विवाहित महिला पनि हाल अध्ययनरत छैनन् ।

विद्यालय तह सम्म हेर्दा सहभागिता ठिकै देखिन्छ तर आमा बाबुलाई खेतीमा घरमा सघाउनु पर्ने बाध्यता, आथिृक अभावका कारण ज्याला मजदुरी गर्न जानु पर्ने बाध्यताका कारण त्यहाँका युवा युवतीको उमेर बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ । साथै आर्थिक अभाव, चेतनाको कमी, चाँडो विवाह र कृषिमा आश्रित पेशा हुनु आदि कारणले गर्दा उच्च शिक्षामा अझै पनि उल्लेखनीय संलग्नता पाइदैन ।

## ६.२ निष्कर्ष

वर्तमान बदलिँदो युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ । यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक नै छ । तर शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता बढ्दै गएको देखिन्छ । एस.एल.सी. माथिको शिक्षामा एक्कासी गिरावट आउनुले भने शैक्षिक अवस्था कमजोर नै रहेको प्रमाणित गर्दछ । यहाँका प्रौढ महिलाहरूको काम निरक्षर छन् । वर्तमानमा बालिकाहरूको विद्यालयमा सहभागिता बढ्दै गएको र अभिभावकहरू पनि केही सकारात्मक देखिएका छन् । यहाँ शिक्षामा छोरी र बुहारीलाई समान अवसर नदिनाले विवाहितको तुलनामा अविवाहित कै शैक्षिक अवस्था राम्रो छ । यहाँको समाजमा बुहारीको शिक्षालाई महत्व नदिइने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भए पनि विवाह पश्चात बीचैमा अध्ययन छोड्न महिलाहरू बाध्य छन् । यहाँ प्रायः सम्पूर्ण अविवाहितहरू औपचारिक शिक्षामा संलग्न छन् ।

यहाँको समाजमा उच्च शिक्षामा महिलाको कम संलग्नता रहेको छ जसको कारण महिलाको चाँडो उमेरमा नै विवाह गरिदिने प्रचलन विवाह पछाडि बुहारीलाई पढाउने चलन नहुँदा महिलाले अध्ययनलाई निरन्तरता दिन पाउँदैन । घरको खेतिपातीको काममा सघाउनु पर्ने भएकाले अध्ययनमा समय दिन नपाउँदा परीक्षामा असफल हुन्छन् उच्च शिक्षा महँगो हुनाले आर्थिक विपन्न भएकाहरूको पहुँच नपुग्दा महिला उच्च शिक्षामा कम संलग्न छन् । गरिबीको कारण चाँडै कामको खोजी गर्ने कारणले शिक्षामा सहभागिता कम छ ।

अहिलेको समय र परिस्थितिले गर्दा समुदायमा शिक्षाको महत्व बढ्दै गइरहेको समयमा थारु समुदायमा पनि बढ्दै गएको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्था सन्तोषजनक रहेता पनि महिलाको शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता बढेको देखिन्छ ।

श्रीगाउँ गा.वि.स. मा गरिएको यस अध्ययनले महिलाको शैक्षिक अवस्थाको अध्ययनको निष्कर्षमा पुग्दा निम्न बुँदा पाउन सकिन्छ । जुन तल प्रस्तुत गरिएको छ ।

- अध्ययन क्षेत्रका महिला शिक्षाबाट बञ्चित नै रहेको पाइयो ।
- अशिक्षा र चेतनाको कमीले गर्दा परम्परागत सोचाई यथावत पाइयो ।
- अविवाहित महिला शिक्षा प्रति त्यहाँ समुदायमा सकारात्मक पाइयो र विवाहित महिलामा भने नकारात्मक नै पाइयो ।
- कतिपय परिवारमा छोराछोरीलाई भेदभाव गरेको पाइयो । जस्तैः छोरालाई निजी स्कुल र छोरीलाई सामुदायिक स्कुलमा पढाएको पाइयो छोरीलाई घरको काममा लगाएको पाइयो ।
- शिक्षाको कमीले महिलाहरू कृषि, ज्याला मजदुरी, पेशामा नै संलग्न रहेको पाइयो ।
- समयको परिवर्तनसँगै छोराछोरीलाई विद्यालय पढाउनु पर्छ भन्ने चेतना आएको पाइयो ।
- शिक्षाको कमीले गर्दा सानै उमेरमा विवाह गरिदिएकाले छोरीहरूले उच्च शिक्षा हासिल गर्ने संख्या न्यून रह्यो ।
- अघिल्लो पुस्तामा शिक्षाको महत्व नकारात्मक पाइयो भने पछिल्लो पुस्तामा सकारात्मक धारणा पाइयो ।

महिलाले अध्ययनलाई निरन्तरता दिन नसक्नुको कारणहरू आर्थिक अवस्था कमजोर, सानै उमेरमा विवाह पढाइमा असफल हुनु, स्कुल टाढा भएका कारणले गर्दा अध्ययनलाई निरन्तरता दिन नसकेको उत्तरदाता महिलाहरूबाट पाइयो ।

# सन्दर्भ सामग्रीहरू


अनौपचारिक शिक्षा केन्द्र (२०६०), साक्षरता समाचार विशेषाङ्क शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, भक्तपुर ।

आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : नेसनल बुक सेन्टर ।

आचार्य, रुकु कुमारी (२०६९), थारु महिलामा शिक्षाले ल्याएको सामाजिक परिवर्तनको एक अध्ययन, अप्रकाशित शोधपत्र : कीर्तिपुर समाजशास्त्र मानवशास्त्र केन्द्रीय विभाग ।

आचार्य, बलराम (२०६९), *लैङ्गिक र महिला वादी अध्ययन,* काठमाडौं : नेशनल बुब सेन्टर ।

आचार्य, शङ्कर (१९९७), *भ्कोराहाट मोरङगीया थारुको सामाजिक र सांस्कृतिक अवस्था अध्ययन,* कीर्तिपुर ।

इन्सेक (२०४९), *नेपालमा कमैया मजदुरभित्र मजदुर,* पृ. ३७-४५, काठमाडौं : इन्सेक ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५४), नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय, रामशाह पथ काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), जनगणना, राष्ट्रिय योजना आयोग, रामशाह पथ काठमाडौं, नेपाल ।

खनाल, बालकृष्ण (१९९९), *नेपालमा थारु शिक्षाको अवस्थाः एक अध्ययन,* दाङ ।

गुरुङ, हर्क (२०६२), *जनजाति सेरोफेरो,* काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ ।

गौतम, टेकनाथ (२०४४), *थारु जातिको इतिहास तथा संस्कृति,* दाङ श्री अम्बिका ट्रेडस ।

घिमिरे, देवेन्द्र (२०४४), *थारु जातिको इतिहास र संस्कृति,* नेपाली इतिहास र संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

दहित, गोपाल (२०६२), *थारु संस्कृति संक्षिप्त परिचय,* काठमाडौं : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा ।

दशौं योजना (२०५९-०६४) र त्रिवर्षीय अन्तरिम योजना (२०६७-२०६९), *राष्ट्रिय योजना आयोग* ।

पौडेल, लेखनाथ र खनाल, पेशल (२०६६), *शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधारहरू,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

फुजीकुरा, तात्सुरो (२००४), *कमैया आन्दोलन र धैर्यताको राजनीति,* नेपालमा गरिएको वहस, पृ. १८४-१९६, काठमाडौं : मार्टिन चौतारी ।

महत्तो, पवित्रा (२००९), 'उच्च शिक्षामा सहभागिता : असमानताका सामाजिक आयाम', *थारुको शिक्षामा विप्रेषणको भूमिका,* काठमाडौं : मार्टिन चौतारी, पृ. २५५-२७४ ।

युनेस्को (२०१०), *सबैका लागि शिक्षा,* सिमान्तकृतसम्मको पहुँच विश्वव्यापी अनुगमन प्रतिवेदन युनेस्को, काठमाडौं ।

राष्ट्रिय योजना आयोग (२०६५), आदिवासी तथा जनजाति सम्बधी नीति तथा कार्यक्रम, नेपाल सरकार राट्रिय योजना आयोग ।

रिजाल, नवराज (२०५५), *बारा जिल्लाको साहित्यिक योगदान,* अप्रकाशित शोधपत्र समाजशास्त्र संकाय त्रि.वि. कीर्तिपुर ।

रिजाल, नवराज (२०५५), *डुमरवाना सरोफेरो (अनुसन्धानात्मक पुस्तक),* डुरवाना गा.वि.स.को कार्यालय बारा, डुरवाना ।

लामिछाने, रघुनाथ (२०६०), *मुक्त कमैया,* दाङ : ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) ।

लुईटेल, समिर (सन् २००८), *लैङ्गिक अध्ययन एकेडेमी बुक सेन्टर,* त्रि.वि., कीर्तिपुर ।

विष्ट, डोर बहादुर (२०३९), *सबै जातको फुलवारी,* काठमाडौं : साझा प्रकाशन ।

Bennat, Lynn (1983). *Dangerous wives and scared sister: Social and symbolic role of high caste women in Nepal*. Columbia University.

Durkheim, Emile (1964). *Education and society : An introduction to the sociology of education*. London : Rotledege and Kegton Poul.

Haralambos, Michel (2011). *Sociology themes and perspectives*. Delhi : Oxford University.

Luitel, Sumitra (2008). *Gender studies*. Kathmandu : Academic Books Center.

Spencer, Herbert (2000). *Morden sociological theory*. New York : The Graw Hill Company.

UNDP (2011). *Nepal human development report*. Kathmandu : Jagadamba Press.

# घरधुरी सर्वेक्षण

**उत्तरदाताको विवरण**

१. नाम : पुरुष : महिला :

जाति : धर्म : शिक्षा :

वडा नं.

**परिवारको सदस्यको विवरण**

| सदस्यको नाम | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक सम्बन्ध | पेशा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाईको परिवारमा संख्या कति छ ?

........................................................................................................

३. तपाईको परिवारमा उमेरगत सदस्य कति छन् ?

| उमेर समूह | पुरुष | महिला | विवाहित | अविवाहित | विधुर | विधवा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४. तपाईको परिवारमा खर्च विवरण (प्रतिशतमा)

(क) शिक्षा ☐ (ख) स्वास्थ्य ☐ ग) खाद्यान्न ☐ घ) अन्य ☐

५. तपाईको परिवारमा मासिक आम्दानी कति छ ?

........................................................................................................

६. तपाईको आफ्नो उत्पादनले वर्ष भरी खान पुग्छ ?

........................................................................................................

७. दशवर्ष यता तपाईको परिवारको कोही सदस्य वैदेशिक रोजगारीमा जानु भएको छ?

क) छ ☐ ख) छैन ☐

८. तपाईको परिवारमा रोजगारीमा कोही हुनु हुन्छ ?

क) छ ☐ ख) छैन ☐

९. तपाईको परिवारमा स्वामित्वमा रहेको जमिन कति छ ?

क) धुर ☐ ख) कट्ठा ☐ ग) विघा ☐

१०. परम्परागत सोचाइले समाज अगाडि बढ्न सक्दैन भन्ने भनाई प्रति तपाई कस्तो विचार राख्नु हुन्छ ?

क) सकारात्मक ☐ ख) नकारात्मक ☐

# अन्तर्वार्ता प्रश्नावली विवरण

तपाईको नाम सुनाउनुहोस् : 		कति वर्षको हुनुभयो :

ठेगाना बताउनुहोस् : 		शिक्षा कति हो :

परिवारमा कुन भाषा बोलिन्छ : 		कुन धर्म मान्नु हुन्छ ?

काम के गर्नुहुन्छ नि ?

१. तपाई लेख्न पढ्न जान्नु हुन्छ ?

(क) जान्छु ( ) (ख) जान्दिन ( )

२. यदि नजान्ने भए तपाईको पढाइ कति छ ?

(क) प्रा.वि. ( ) (ख) नि.मा.वि. ( ) (ग) उच्च शिक्षा ( )

३. यदि नजान्ने भए तपाईको टोलमा स्कुल थिएनन् ?

(क) थिए ( ) (ख) थिएनन् ( )

४. थिए भने तपाई स्कुल किन जानु भएन् ?

(क) परम्परागत सोचाइले ( )

(ख) आर्थिक अवस्था कमजोर भएकोले ( )

५. गएको भए कति सम्म पढ्नु भयो ?

(क) प्रा.वि. ( ) (ख) नि.मा.वि. ( ) (ग) मा.वि. ( )

६. त्यसपछि कति पढ्नु भएन ?

(क) विवाह भएकाले ( ) (ख) असफल भएकाले ( )

७. छोराहरूको लागि पनि त्यस्तै हुन्छ ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

८. नहुने भए छोरीको शिक्षामा ध्यान दिनुपर्छ जस्तै लाग्दैन ?

(क) लाग्छ ( ) (ख) लाग्दैन ( )

९. तपाईको टोलमा कस्ता प्रकारका शैक्षिक संस्था छन् ?

(क) निजी ( ) (ख) सामुदायिक ( )

१०. तिनमा अध्ययन गर्ने छात्राको संख्या कस्तो छ ?

(क) सन्तोषजनक छ ( ) (ख) सन्तोषजनक छैन ( )

११. हाल विद्यालय जाने छात्राको संख्या बढाउन के उपाय अपनाउन सकिन्छ ?

(क) अनिवार्य निःशुल्क शिक्षाद्वारा ( ) (ख) विशेष शिक्षाद्वारा ( )

१२. छोरीको शिक्षाप्रति सामाजिक धारणा कस्तो छ ?

(क) राम्रो छ ( ) (ख) राम्रौ छैन ( )

१३. छोराछोरीलाई विभेद थियो तपाईको परिवारमा ?

(क) थियो ( ) (ख) थिएन ( )

१४. त्यसो भए छोरा र छोरीलाई समान अवसर दिएको छ छैन ?

(क) दिएको छ ( ) (ख) दिएको छैन ( )

१५. यदि दिने भए छोरा र छोरीलाई बराबर अधिकार दिनु पर्छ ?

(क) दिनु पर्छ ( ) (ख) दिनु पर्दैन ( )

१६. त्यसो भए शिक्षाले महिलाको जीवन स्तरमा सुधार ल्याएको छ ?

(क) ल्याएको छ ( ) (ख) ल्याएको छैन ( )

१७. त्यसो भए कस्ता कस्ता सुधार आएका छन् ?

क() रोजगारमा सुधार ( ) (ख) सरसफाइमा सुधार ( )

१८. त्यसो भए महिलालाई रोजगार आवश्यक पर्छ पर्दैन ?

(क) पर्छ ( ) (ख) पर्दैन ( )

१९. अघिल्लो पुस्ताको तुलनामा तपाई आफ्नो जीवन फरक देख्नु हुन्छ ?

(क) देख्छु ( ) (ख) देख्दिन ( )

२०. फरक भए के फरक पाउनु भयो ?

............................................

२१. फरक नपाए किन फरक पाउनु भएन ?

........................................................

२२. थारु महिलाको शैक्षिक स्तर सुधार्न आवश्यक छ ?

(क) आवश्यक छ ( ) (ख) आवश्यक छैन ( )

२३. यदि आवश्यक भए किन आवश्यक छ ?

..........................................................

२४. शिक्षित र अशिक्षितमा परिवर्तन ल्याएको ठान्नु हुन्छ ?

(क) ठान्छु (ख) ठान्दिन ( )

२५. परिवर्तन भए के मा परिवर्तन भयो ?

..............................................................

२६. शिक्षाले तपाई आफुमा परिवर्तन ल्याएको ठान्नु हुन्छ ?

(क) ठान्छु ( ) (ख) ठान्दिन ( )

२७. त्यसो भए के मा परिवर्तन ल्यायो ?

.......................................................

२८. शिक्षाले आत्म विश्वास बढाएको मान्नु हुन्छ ?

(क) मान्छु ( ) (ख) मान्दिन ( )

२९. तपाईको परिवारमा शिक्षामा बराबर सहभागिता छ?

(क) छ ( ) (ख) छैन ( )

३०. भएको भए के कारणले भयो ?

(क) जनचेतनाको कारणले ( )

(ख) सामाजिक परिवर्तनको कारणले ( )

३१. यदि नभएको भए किन भएन ?

(क) जनचेतनाको कमी ( )

(ख) परम्परागत सोच ( )

३२. महिलाको शिक्षामा न्यून सहभागिताको कारण ?

(क) अभिभावकको परम्परागत सोचले ( )

(ख) आर्थिक अवस्था कमजोर हुनाले ( )

(ग) अशिक्षा ( )

३३. थारु महिलाले बिचैमा पढाइ छोड्नुको कारण ?

(क) आर्थिक अवस्था कमजोर ( )

(ख) असफल भएर ( )

(ग) परिवारले नपढाएर ( )

३४. त्यसो भए पढाइ नछोड्ने बनाउन के गर्नुपर्ला ?

(क) निःशुल्क शिक्षाको व्यवस्था गर्ने ( )

(ख) परम्परागत सोचमा परिवर्तन गर्ने ( )

३५. आफु शिक्षित हुन पाएकोमा खुसी लाग्छ ?

(क) लाग्छ ( ) (ख) लाग्दैन ( )